म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ३३६ मंगलबार १ साउन २०८१ ने. सं. ११४४ दिल्लाथ्व 16 July 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## बागमती गाउँपालिकाको वित्तीय प्रगति ८३.७८ प्रतिशत

हेटौंडा, ३१ असार/मकवानपुरको बागमती गाउँपालिकाले आर्थिक वर्ष २०८०/०८१ मा ८३.७८ प्रतिशत वित्तीय प्रगति हासिल गरेको छ । गाउँपालिकाले चालुतर्फ ८७.२७ प्रतिशत र पुँजीगततर्फ ७७.३२ प्रतिशत वित्तीय प्रगति गरेको प्रमुख प्रशासकीय अधिकृत झम्कनारायण घलानले जानकारी दिए । पालिकाले आर्थिक वर्ष २०८०/८१ का लागि ६८ करोड ५५ लाख ८६ हजार रुपैयाँ बजेट विनियोजन गरेकोमा ५७ करोड ४३ लाख ५६ हजार ६ सय २२ रुपैयाँ खर्च भएको प्रमुख प्रशासकीय अधिकृत घलानले बताए । बागमतीले कुल विनियोजित र कमबाट चालुतर्फ ४४ करोड ४९ लाख ९४ हजार बजेट विनियोजन गरेकोमा ३८ करोड ८३ लाख २७ हजार ७ सय ५० रुपैयाँ खर्च भएको छ । त्यसैगरी पुँजीगततर्फ २४ करोड ५ लाख ९२ हजार बजेट विनियोजन भएकोमा १८ करोड ६० लाख २८ हजार ९ सय १२ रुपैयाँ खर्चभएको घलानले जानकारी दिए ।

# 'प्रचण्ड शैली' अपनाउँदै मुख्यमन्त्री जम्कट्टेल, राजीनामा की विश्वासको मत ?

साझाकुरा संवाददाता

हेटौंडा, ३१ असार/ बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले ६ साउनमा 'प्रदेशसभा फेस' गर्ने भएका छन् ।

कांग्रेस र एमालेलाई नचाउँदै तीनपटक विश्वासको मत लिएर १८ महिना सरकारमा रहँदै बर्हिगमनतर्फ उन्मुख जम्कट्टेलले ६ साउनमा प्रदेशसभाबाट आगामी सरकारका लागि मार्गप्रशस्त गर्ने तयारी गरेका हुन् । जम्कट्टेलले विश्वासको मत लिने प्रयोजनका लागि सोमबार बागमती प्रदेशसभा सचिवालयमा प्रस्ताव दर्ताका लागि पत्राचार गरेका छन् । प्रदेशसभा सचिवालयका प्रवक्तासमेत रहेका कानुनअधिकृत मनोजकुमार गुप्ताका अनुसार विश्वासको मत लिने प्रस्ताव दर्ता भइसकेको छ ।



तर, जम्कट्टेलले ६ साउनमा विश्वासको मत लिन्छन् की राजीनामा दिएर मुख्यमन्त्रीको कुर्सी छोड्छन भन्ने हालसम्म निश्चित छैन । 'मुख्यमन्त्रीज्यूले प्रदेशसभा 'फेस' गर्नुहुने भएको छ । तर, विश्वासको मत लिन पनि सक्नुहुन्छ, प्रदेशसभालाई सम्बोधन गरेर राजीनामा पनि दिनसक्नु हुन्छ । के गर्ने भनेर निर्क्यौल भइसकेको छैन् ।,' उनकै सचिवालय स्रोतले भन्यो ।

नेकपा एमालेले २४ असारमा सरकारलाई दिएको समर्थन फिर्ता लिएसँगै अल्पमतमा परेका जम्कट्टेलसँग विश्वासको मत लिने र राजीनामा दिएर बर्हिगमनको बाटो रोज्नुपर्ने दुई विकल्प मात्रै छन् । नेपाली कांग्रेस र नेकपा एमालेबीचको सत्तासमिकरणले जम्कट्टेलको बर्हिगमन निश्चित छ । उनलाई एमाले र नेपाली कांग्रेसले तत्काल मार्ग प्रशस्त गर्न विज्ञप्तिमार्फत आग्रह गरिसकेका छन् ।

केन्द्रीय सत्तासमिकरण अनुसार विश्वासको मत उनको 'मनशान्ति' का लागि मात्रै सीमित हुनेछ । उनीसँग विश्वासको मत पाएर सरकार टिकाउने बहुमत सांसद छैनन् । प्रदेशसभामा बहुमतका लागि ५६ सांसदको समर्थन आवश्यक छ । उनको पक्षमा आफ्नै पार्टी माओवादी केन्द्रका २१, नेकपा (एकीकृत समाजवादी)का ७ र हाम्रो नेपाली पार्टीका दुई गरी ३० सांसद मात्रै छन् ।

आफ्नो पक्षमा बहुमत सांसद नहुँदानहुँदै राजीनामा नदिएर जम्कट्टेल विश्वासको मत लिन अगाडि बढेका छन् । यसलाई उनले 'प्रचण्ड शैली' अपनाउन खोजिएको एमालेका एक सांसद बताउँछन् । 'उहाँले नैतिकरुपमा राजीनामा दिनुपर्छ । आफूसँग सरकार टिकाउने सामर्थ्य नरहेको स्पष्ट भइसकेको अवस्थामा पनि प्रदेशसभाबाट विश्वासको मत लिन्छु भन्नु प्रचण्ड शैलीकै कपि पेष्ट हो ।,' ती सांसदले भने ।

केन्द्रमा पार्टी अध्यक्षसमेत रहेका निवर्तमान प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले संसदमा १ घण्टा २२ मिनेट बोलेर विश्वासको मत लिएका थिए । त्यसैगरी प्रदेशसभामा आफ्ना धारणा राखेर विश्वासको मत लिनका लागि जम्कट्टेल अगाडि बढेका हुन् । तर, जम्कट्टेलले प्रदेशसभालाई सम्बोधन गरेर राजीनामा दिने विषयमा सोमबार बिहान सत्तासाझेदार दल एकीकृत समाजवादी र हाम्रो नेपाली पार्टीसँग छलफल गरेका छन् ।

उनले हेटौंडा-२, स्थित मुख्यमन्त्री निवासमा एकीकृत समाजवादीका नेता कृष्णप्रसाद शर्मा खनाल र हाम्रो नेपाली पार्टीका नेता तथा संस्कृति, पर्यटन तथा सहकारीमन्त्री शैलेन्द्रमान बज्राचार्यसँग विश्वासको मत लिने की राजीनामा दिने भन्ने विषयमा छलफल गरेका थिए । सत्तासाझेदार दलहरुको सुझावमा जम्कट्टेलले प्रदेशसभालाई सम्बोधन गरेर राजीनामा पनि दिनसक्ने सम्भावना रहेको नेताहरु बताउँछन् ।

मुख्यमन्त्री जम्कट्टेललाई आफू र नेता खनालले राजीनामा दिन सुझाव दिएको मन्त्री बज्राचार्यले जानकारी दिए । 'छलफलमा उहाँले विश्वासको मित लिने की राजीनामा दिने भन्ने बारे सुझाव माग्नुभएको थियो । हामी दुईजनाले नै राजीनामा दिन उपयुक्त हुने सुझाव दियौं ।,' मन्त्री बज्राचार्यले भने, 'उहाँले पनि प्रदेशसभालाई सम्बोधन गरेर राजीनामा दिने कुरा हामीसँग गर्नु भएको छ ।,' एकीकृत समाजवादीका नेता खनालले साउन पहिलो हप्ताभित्र प्रदेशसभा बैठक बोलाएर मार्ग प्रशस्त गर्न मुख्यमन्त्री तयार रहेको बताए ।

२५ पुस २०७९ मा एमाले, राप्रपा, माओवादी केन्द्र र एकीकृत समाजवादीको सत्ता समीकरणबाट दोस्रो कार्यकालको पहिलो सरकारको नेतृत्व माओवादी केन्द्रका जम्कट्टेलले गरेका थिए । यो सरकार साढे २ महिनामात्रै टिक्यो र एमाले सरकारबाट बाहिरियो । १० चैत २०७९ मा मुख्यमन्त्री जम्कट्टेलले कांग्रेस र एकीकृत समाजवादीसँगको गठबन्धन सरकारका लागि विश्वासको मत लिएर सरकार टिकाए ।

२० फागुन २०८० मा फेरि एमालेसँग माओवादीको केन्द्रीय सत्तासमीकरण बनेसँगै बागमतीमा एमाले चैत पहिलो साता सरकारमा गएको थियो । एमाले, माओवादी, एकीकृत समाजवादी र हाम्रो नेपाली पार्टीको सरकार गठन भएको हो । जम्कट्टेलको कार्यकाल सरकार बनाउने र भत्काउनेमै ब्यतित भएको छ । बागमतीमा अब चौथोपटक एमाले र कांग्रेसको गठबन्धन सरकार बन्नेछ । मुख्यमन्त्रीका लागि कांग्रेसबाट बहादुरसिं लामा र एमालेबाट जगन्नाथ थपलिया दाबेदार छन् ।

# बागमतीमा इन्धन खर्च २४ करोडभन्दा बढी

साझाकुरा संवाददाता

हेटौंडा, ३१ असार/ बागमती प्रदेश सरकारले चालुखर्च नियन्त्रण गर्न सकेको छैन । इन्धन खर्च नै बागमतीमा २४ करोड भन्दा बढी रहेको प्रदेश लेखानियन्त्रक कार्यालयले जनाएको छ ।




प्रदेश सरकारको कुल बजेटमध्ये इन्धन शीर्षकमा २४ करोड भन्दा बढी रकम खर्च भएको छ । मन्त्रालय र मातहतका निकायले कुल विनियोजनको २४ करोड ८१ लाख २७ हजार रुपैयाँ खर्च गरेको हो । विभिन्न सुविधाअन्तर्गत प्रदेश सरकारले विनियोजन गरेको २८ करोड ९९ लाख १९ हजार रुपैयाँमध्ये २४ करोड ८१ लाख २७ हजार रुपैयाँ खपत गरेको हो ।

प्रदेश सरकारले पदाधिकारी सुविधाअन्तर्गत प्राप्त हुने इन्धन खर्चतर्फ विनियोजित २ करोड ६ लाख ५६ हजार रुपैयाँमध्ये १ करोड ३२ लाख ८० हजार रुपैयाँ खर्च गरेको छ । कार्यालय प्रयोजनका लागि प्रयोग हुने इन्धन खर्चतर्फ विनियोजित १२ करोड ९१ लाख ५९ हजार रुपैयाँमध्ये ११ करोड २६ लाख २ हजार रुपैयाँ खर्च भएको छ भने अन्य प्रयोजनका लागि प्रयोग हुने इन्धन खर्चतर्फ विनियोजन गरिएको १ करोड ७४ लाख २ हजार रुपैयाँमध्ये १ करोड १२ लाख ८७ हजार रुपैयाँ खर्च भएको छ ।

सवारीसाधन मर्मततर्फ ११ करोड ९ लाख ५७ हजार रुपैयाँ खर्च भएको छ । सो शीर्षकमा प्रदेश सरकारले १२ करोड २७ लाख १ हजार रुपैयाँ विनियोजन गरेको थियो । प्रदेश सरकारले चालु आर्थिक वर्षमा ४६ लाख ९८ हजार रुपैयाँ खर्च गरेर सवारीसाधन खरिद गरेको छ । यो शीर्षकतर्फ ५३ लाख ९४ हजार रुपैयाँ विनियोजन गरेको थियो ।

बागमती प्रदेश सरकारले चालु आर्थिक वर्षमा जम्मा ४५ अर्ब ६६ करोड ७९ लाख ९९ हजार रुपैयाँ खर्च गरेको छ । प्रदेशका १३ मन्त्रालय, संवैधानिक निकाय र मातहतका कार्यालयबाट चालु तथा पुँजीगततर्फका विभिन्न शीर्षक अन्तर्गत कुल ६२ अर्ब ७० करोड ९० लाख ७८ हजार रुपैयाँमध्ये १७ अर्ब ४ करोड १० लाख ७८ हजार रुपैयाँ फ्रिज भएको कार्यालयले जनाएको छ । प्रदेश सरकारको कुल बिनियोजित बजेटको २३ प्रतिशत रकम फ्रिज भएको प्रदेश लेखानियन्त्रक कार्यालय हेटौंडाले जनाएको हो ।




# बागमती प्रदेशभर ७० र मकवानपुरमा ७८ प्रतिशत क्षेत्रफलमा रोपाइँ

साझाकुरा संवाददाता

हेटौंडा, ३१ असार/कुल पाँच लाख २८ हजार ९३८ दशमलव ८ हेक्टर खेतीयोग्य जमिन रहेको बागमती प्रदेशमा असार अन्तिममा ७० प्रतिशतभन्दा क्षेत्रफलमा धान रोपाइँ भएको छ ।



कृषि तथा पशुपन्छी विकास मन्त्रालयका अनुसार ३० असारसम्म प्रदेशका १३ जिल्लामा ७० दशमलव ५९ प्रतिशत रोपाइँ सकिएको हो । कृषि तथा पशुपन्छी विकास मन्त्रालय बागमती प्रदेशका सूचना अधिकारी अनुप अधिकारीले कूल एक लाख १४ हजार पाँच सय ६१ हेक्टर जमिनमा धान खेती हुने गरेकोमा ७९ हजार २५७हेक्टर क्षेत्रफल अर्थात् ७०.५९ प्रतिशत रोपाइँ भएको बताए । उनले दोलखामा ८८ प्रतिशत अर्थात दुई हजार ४७६ हेक्टर क्षेत्रफलमा, धादिङमा जम्मा ५३ प्रतिशत अर्थात ६ हजार ४६ हेक्टरमा रोपाइँ भएको बताए ।

मन्त्रालयका बालीविकास अधिकृत सुदीप भुजेलका अनुसार काठमाडौंमा पाँच हजार ९२६ हेक्टर जमिनमध्ये ८५ प्रतिशत अर्थात् पाँच हजार ३७ हेक्टर क्षेत्रफलमा, भक्तपुरमा तीन हजार ७१९ हेक्टरमा ७३ प्रतिशत अर्थात् दुई हजार ७१५ हेक्टर, २४ हजार २४७ हेक्टर क्षेत्रफलमा रोपाइँ हुने गरेको चितवनमा ७८ प्रतिशत अर्थात् जम्मा १८ हजार ८७८ हेक्टरमा रोपाइँ सकिएको छ ।

मकवानपुरमा ९ हजार ४५० हेक्टर जमिनमध्ये ७८ प्रतिशत अर्थात् पाँच हजार ८५९ हेक्टर क्षेत्रफलमा, नुवाकोटमा ११ हजार ६१२ हेक्टर जमिनमध्ये ६७ प्रतिशत अर्थात् सात हजार ७५८ हेक्टर जमिनमा धान रोपाइँ सकिएको छ । त्यस्तै प्रदेशको रसुवामा एक हजार ९३ हेक्टर क्षेत्रफलमा धान रोपाइँ हुने गरेकोमा यसवर्ष ७२ प्रतिशत अर्थात् ७८३ हेक्टर जमिनमा धान रोपाइँ सकिएको छ ।

सिन्धुलीमा ११ हजार १८८ हेक्टर जमिनमध्ये ७२ प्रतिशत अर्थात् आठ हजार ५६ हेक्टर जमिनमा, रामेछापमा सात हजार ८५९ हेक्टर जमिनमध्य ६६ प्रतिशत अर्थात् पाँच हजार १८७ हेक्टर जमिनमा, काभ्रेपलान्चोकमा १० हजार १०८ हेक्टर जमिनमध्ये ७४ प्रतिशत अर्थात् सात हजार ४३३ हेक्टर जमिनमा र सिन्धुपाल्चोकमा आठ हजार ७८२ हेक्टर जमिनमध्ये ६५ प्रतिशत अर्थात् पाँच हजार ७०० हेक्टर जमिनमा धान रोपाइँ सकिएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयका बालीविकास अधिकृत भुजेलले जानकारी दिए ।

## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

### अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरूः**

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



**सम्पर्क कार्यालयः**
सितलमहल चोकबाट ॐ हल जाने बाटोमा

प्रबन्ध निर्देशकः टिका कुमारी दुलाल

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**

हेटौंडा-५, पिप्ले, मकवानपुर

सम्पर्कः ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

साझाकुरा

## हाम्रो कुरा

# भत्तामै २५ करोड खर्च

नियमित काम गर्दा पनि अतिरिक्त भत्ता चाहिने मानसिकताका कारण भत्तामै ठूलो धनराशी खर्च भइरहेको छ । हाजीर गरेपछि तलव पाउनुपर्ने र काम गरेपछि भत्ता पाउनुपर्ने केही कर्मचारीको मानशिकताका कारण राष्ट्रसेवकलाई आम जनताले हेर्ने दृष्ट्रिाकोण नकारात्मक बन्दै गएको छ । सर्वसाधारणको जीवनस्तर पनि त्यही रुपमा उकासिएको भए यसरी नकारात्मक बन्ने अवस्था आउने थिएन होला तर, सर्वसाधारण जनताको दैनिकी झन गिर्दो अवस्थामा छ । जनताका प्रतिनिधि, जनताका सेवक भन्नेहरुले पनि भत्तामोह त्याग्न नसक्दा आमजनताले जनप्रतिनिधिलाई तलबी कर्मचारीकै नजरमा हेर्ने गरेका छन् । संघीय सरकारको चालुखर्च चुलिँदै गएको र पूँजीगत खर्च संकुचित हुँदै गएको भन्दै ब्यापक बिरोध भइरहेको समयमा प्रदेश सरकारले पनि चालुखर्च नियन्त्रण गर्न सकेको छैन । बागमती प्रदेश सरकार बाट भत्ता शीर्षकमा मात्रै २५ करोड रुपैयाँ भन्दा बढी खर्च भएको छ । स्थानीय भता, महंगी भत्ता, कर्मचारी बैठक भत्ता, पदाधिकारी भता अन्य भर्तातर्फ २५ करोड २५ लाख ५ हजार रुपैयाँ खर्च भएको प्रदेश लेखानियन्त्रक कार्यालयले जनाएको छ । कतिपय भत्ताहरु दोहोरो सुबिधाका रुपमा खर्च भएको छ ।

कर्मचारीले दोहोरो सुबिधा लिएको पाइएको छ । भत्ता शीर्षकअन्तर्गत ३७ करोड ३६ लाख ९६ हजार रुपैयाँ विनियोजन भएको थियो । स्थानीय भत्तातर्फ ८० लाख ७४ हजार रुपैयाँ विनियोजन गरिएकोमा ३९ लाख ६९ हजार रुपैयाँ खर्च भएको छ । महँगी भत्तातर्फ विनियोजित १२ करोड १७ लाख ८५ हजार रुपैयाँमध्ये ८ करोड १० लाख ५९ हजार रुपैयाँ खर्च भएको हो । कर्मचारी बैठक भत्तातर्फ ४ करोड २२ लाख ७० हजार रुपैयाँ विनियोजन भएकोमा २ करोड ५३ लाख ९७ हजार रुपैयाँ खर्च भएको छ । अन्य भत्तातर्फ विनियोजित ५ करोड ६१ लाख ४० हजार रुपैयाँमध्ये ३ करोड ९० लाख ४ हजार रुपैयाँ, पदाधिकारी बैठक भत्तातर्फ विनियोजित २ करोड २५ लाख १९ हजार रुपैयाँमध्ये ७८ लाख ५७ हजार रुपैयाँ खर्च भएको छ । पदाधिकारी अन्य भत्तातर्फ विनियोजित १ करोड ५१ लाख ८७ हजार रुपैयाँमध्ये ९५ लाख ४५ हजार रुपैयाँ खर्च गरेको छ । पदाधिकारी अन्य सुविधातर्फ १० करोड ७७ लाख २० हजार रुपैयाँ विनियोजन भएकोमा ८ करोड ५६ लाख ७३ हजार रुपैयाँ खर्च भएको छ । बागमती प्रदेश सरकारले चालु आर्थिक वर्षमा जम्मा ४५ अर्ब ६६ करोड ७९ लाख ९९ हजार रुपैयाँ खर्च गरेको छ । प्रदेशका १३ मन्त्रालय, संवैधानिक निकाय र मातहतका कार्यालयबाट चालु तथा पुँजीगततर्फका विभिन्न शीर्षक अन्तर्गत कुल ६२ अर्ब ७० करोड ९० लाख ७८ हजार रुपैयाँमध्ये १७ अर्ब ४ करोड १० लाख ७८ हजार रुपैयाँ फ्रिज भएको छ । नगरी नहुने काम बाहेक नियमित काममा पनि अतिरिक्त भत्ता राखेर राज्यकोष दुरुपयोग भएको बताइएको छ । प्रदेश सरकारको कुल बिनियोजित बजेटको २३ प्रतिशत रकम फ्रिज भएको प्रदेश लेखानियन्त्रक कार्यालय हेटौंडाले जनाएको छ ।

प्रदेश सरकारले चालुतर्फ २६ अर्ब २९ करोड ४ लाख ६५ हजार रुपैयाँ विनियोजन गरेकोमा १७ अर्ब १२ करोड ५५ लाख २ हजार रुपैयाँ खर्च गरेको छ । चालुतर्फ प्रदेश सरकारको ९ अर्ब १६ करोड ४९ लाख ६२ हजार रुपैयाँ फ्रिज भएको प्रदेश लेखानियन्त्रक हरिप्रसाद उपाध्यायले जानकारी दिए । उपाध्यायका अनुसार प्रदेश सरकारले पुँजीगततर्फ ३५ अर्ब ९१ करोड ८६ लाख १३ हजार रुपैयाँमध्ये २८ अर्ब ५४ करोड २४ लाख ९७ हजार रुपैयाँ खर्च गरेको छ भने ७ अर्ब ३७ करोड ६१ लाख १५ हजार रुपैयाँ फ्रिज भएको छ । प्रदेश सरकारले चालु खर्चतर्फ कर्मचारी पारिश्रमिकमा २ अर्ब ५ करोड ३५ लाख ५६ हजार रुपैयाँ र पदाधिकारी पारिश्रमिकतर्फ ११ करोड ९४ लाख ६९ हजार रुपैयाँ खर्च गरेको छ । पोशाक खर्च शीर्षकअन्तर्गत ५ करोड ५५ लाख ३० हजार रुपैयाँ खर्च गरेको छ । खाद्यान्न बापत ६ करोड ६९ लाख ६३ हजार रुपैयाँ खर्च गरेको छ । प्रदेश सरकाले अनावश्यक खर्च कटौती गरी अति आवश्यक खर्चमात्र गर्ने र पूँजीगत खर्च प्रभावकारी रुपमा गर्नुपर्ने बताइएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०८१ साउन २ गते बुधबार १७ जुलाई २०२४ । एकादशी, आषाढ शुक्लपक्ष । दिल्लाथ्व ११४४ ने.सं. । सूर्योदय ५:२०, सूर्यास्त ६:५९ । तुलसी रोपण । कमैया मुक्ति दिवस । चतुर्मास व्रत शुरु । हरिशयनी एकादशी व्रत ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : आर्थिक लाभ | **तुला** | : धर्मबाट सन्तोष |
| **वृष** | : विदेशबाट लाभ | **वृश्चिक** | : कार्यमा अवरोध |
| **मिथुन** | : आफन्तमा विवाद | **धनु** | : स्वजनबाट विरोध |
| **कर्कट** | : स्थानान्तरणको योग | **मकर** | : शैक्षिककार्यमा बाधा |
| **सिंह** | : सन्तान पक्षबाट नैराश्यता | **कुम्भ** | : सन्तान पक्षबाट सन्तोष |
| **कन्या** | : पराक्रम वृद्धि | **मीन** | : आफन्तमा विवाद |

# संविधान संशोधनमा प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख



✍कपिल काफ्ले

केही समययता संविधान संशोधनको चर्चा चलेको छ । नेपालका दुई ठूला राजनीतिक दल नेपाली कांग्रेस र नेकपा एमालेले संयुक्त सरकार गठन गर्ने निर्णय लिएसँगै यस चर्चाले बजार लिएको हो । संविधान संशोधन कति आवश्यक छ र यसका कुन-कुन धारा संशोधन गर्नुपर्ने हो भन्ने निष्कर्षमा पुग्न निकै लामो यात्रा तय गर्नुपर्ने हुन्छ, दुई ठूला दलले जनतालाई सत्तामा जानुपर्ने कारण देखाउनका लागि मात्र संविधान संशोधनको सन्दर्भ उठाएका हुन् कि भन्ने आशंका पनि कायमै छ । यति हुँदाहुँदै पनि संविधान संशोधनको मनसुनी हावा शुरु भइसकेको छ- बाढी आउने हो कि रोपाइँ सम्पन्न हुने हो थाहा छैन, तर अब ढिलो-चाँडो केही हुन्छ नै । मुलुकलाई लाभ होस् वा नोक्सान, संविधान संशोधन हुने नै छ । तर आम नागरिकले मुलुक र आफ्नो हितमा यसको संशोधन गराउन आ-आफ्नो क्षेत्रबाट भूमिका खेल्नु आवश्यक मात्र होइन, अनिवार्य भएको छ ।

त्यसो त संविधान संशोधनको आवश्यकतालाई राजनीतिक सुशासन र स्थायित्वका लागि एक आधारभूत कडीका रुपमा व्याख्या गर्ने ठूलो जमात संविधान जारी भएकै बेलादेखि देखा परेको हो । तत्कालीन नयाँ शक्तिका संयोजक तथा हाल नेपाल समाजवादी पार्टीका नेता डा. बाबुराम भट्टराईले समृद्ध नेपाल निर्माणका लागि प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतिको व्यवस्था लागू गर्नुपर्ने धारणाको अगुवाइ गर्दै आएका हुन् । उनले समृद्ध नेपाल निर्माणका लागि प्रत्यक्ष निर्वाचित कार्यकारी हुने व्यवस्था लागू गर्नुको विकल्प नभएको र अहिलेको संविधान त्रुटिपूर्ण रहेको, आधी भरी र आधी खाली ग्लासका रुपमा रहेको चित्रण गरे । सबै दल र जनतालाई मान्य हुने गरी संविधान संशोधन गर्न उनले सुझाव दिँदै आएका थिए ।

प्रत्यक्ष निर्वाचित कार्यकारी नेतृत्वको शासकीय प्रणालीबारे विभिन्न कोणबाट टिप्पणी भइरहेका छन् । राष्ट्रिय स्वतन्त्र पार्टीले आफ्ना नेताहरूसँग सुझाव माग गर्दै वितरण गरेको एउटा प्रस्तावित दस्तावेजमा प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीको व्यवस्था गरिने धारणा राख्दै डा. भट्टराईले देखाएको बाटोमा समर्थन जनाइसकेको छ । विशेष गरी नेपालका वाम दलहरूले लामो समयदेखि प्रत्यक्ष निर्वाचित कार्यकारीयुक्त शासकीय प्रणाली हुनुपर्ने विषय उठाउँदै आएका छन् । तर नेपालको पुरानो राजनीतिक दल नेपाली कांग्रेसको संस्थापन पक्ष यसको विपक्षमा छ कि जस्तो लाग्छ ।

यद्यपि पार्टीभित्र पनि प्रत्यक्ष कार्यकारीको धारणा राख्ने समूह छ । विश्वका अधिकांश मुलुकमा रहेको प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको अभ्यास हेर्दा, खासमा यस प्रणालीको मुख्य विशेषता नै स्थायी सरकारको आधार खडा गर्नु रहेको देखिन्छ । तर यस आधारलाई वामपन्थी वा नयाँ शक्तिका रुपमा उदाएका समूहले पनि बलियो एजेन्डाका रुपमा अघि सार्न भने सकेका छैनन् । औपचारिकरूपमा कहिल्यै यस विषयलाई अघि बढाएको देखिएको छैन । तर, डा. भट्टराई र उनको नेतृत्वमा रहेको समूहले भने यस एजेन्डालाई तुलनात्मकरुपमा सबल ढंगले अघि बढाएको देखिन्छ । डा. भट्टराईलगायतका प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको पक्षमा मत राख्नेहरू यस शासकीय अभ्यासमा जाँदा संसदीय प्रणालीमा देखिएको जस्तो राजनीतिक अस्थिरता नहुने र अहिलेको प्रणालीमा देखिएका धेरै खाले विकृति कम हुने दाबी गर्छन् । संसदीय प्रणालीका पक्षधरहरू भने प्रत्यक्ष निर्वाचित कार्यकारीको प्रावधानले कुनै पनि व्यक्ति निरङ्कुश बन्ने सम्भावना देख्छन् ।

डा. भट्टराई प्रत्यक्ष निर्वाचित राष्ट्रपति र प्रदेश प्रमुखको पक्षमा देखिन्छन् भने रास्वपा लगायतका केही शक्तिहरु प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीको पक्षमा छन् । प्रधानमन्त्रीको निर्वाचनबारे रास्वपा उल्लेख गर्दछ, गोप्य मतदानद्वारा बहुमत प्राप्त गर्ने वंशज नेपाली नागरिक निर्वाचित हुने निर्वाचन प्रणालीबमोजिम हुनेछ । पहिलोपटकको निर्वाचनमा सदर मतको बहुमत अर्थात् एकाउन्न प्रतिशत नआए बढी मत पाउने दुई उम्मेदवारबीच पुन: निर्वाचन गरिने फ्रान्सलगायतका युरोपेली मुलुकको शासकीय स्वरुप र निर्वाचन प्रणालीलाई रास्वपाले समर्थन गरेको छ ।

अप्रत्यक्ष निर्वाचनबाट राष्ट्रपति चयन गर्ने परिकल्पना गरिएको रास्वपाको दस्तावेजमा सरकारको नीति तथा कार्यक्रम र बजेट प्रधानमन्त्रीले नै संसद्मा पेस गर्ने उल्लेख गरिएको छ । नीति तथा कार्यक्रम र बजेटलाई प्रतिनिधिसभामा आवश्यक छलफल गरेर पारित गरिने भनिएको दस्तावेजमा प्रधानमन्त्रीले भिटो लगाउन सक्ने पनि उल्लेख छ । तर प्रधानमन्त्रीले लगाएको भिटोलाई प्रतिनिधिसभाको दुई तिहाइले खारेज गर्न सक्नेछ । रास्वपाको उक्त प्रस्तावित दस्तावेजमा प्रदेश प्रमुख, प्रदेशसभा र प्रदेशका मन्त्रीहरू नरहने र प्रत्यक्ष निर्वाचनबाट कार्यकारी प्रदेश गभर्नर चयन गरिने उल्लेख गरिएको छ । रास्वपाको अवधारणा हेर्दा कतिपयले आशंका गरेजस्तो प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख तानाशाही बन्न सक्तैन । सन्तुलितरुपमा उसले अघि नबढ्ने हो भने उसलाई महाभियोग लगाउन र उसको भिटोलाई संसद्ले खारेज गर्न सक्ने प्रावधान हुन्छ ।

नेपालको संविधानको धारा २७४ मा संविधान संशोधनको व्यवस्था छ । नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता र जनतामा निहित सार्वभौमसत्ताको प्रतिकूल हुने गरी यो संविधान संशोधन गर्न नसकिने, यो र यस संविधानको अन्य धाराको अधीनमा रही यस संविधानको कुनै धारालाई संशोधन वा खारेज गर्ने विधेयक संघीय संसद्को कुनै पनि सदनमा पेस गर्नुपर्ने, संशोधन प्रस्ताव सार्वजनिकरूपमा प्रकाशन गर्नुपर्ने आदि प्रावधान राखिएको छ । प्रदेशसभाका तत्काल कायम रहेका सम्पूर्ण सदस्यहरूको बहुमतबाट स्वीकृत वा अस्वीकृत गरी त्यसको जानकारी संघीय संसद्मा पठाउनुपर्नेछ । तर कुनै प्रदेशसभा कायम नरहेको अवस्थामा त्यस्तो प्रदेशसभा गठन भई त्यसको पहिलो बैठक बसेको मितिले तीन महिनाभित्र स्वीकृत वा अस्वीकृत गरी पठाउनुपर्नेछ । तोकिएको अवधिभित्र बहुसंख्यक प्रदेशसभाले त्यस्तो विधेयक अस्वीकृत गरेको सूचना संघीय संसद्को सम्बन्धित सदनलाई दिएमा त्यस्तो विधेयक निष्क्रिय हुनेछ ।

बहुसंख्यक प्रदेशसभाबाट स्वीकृत भई आएको विधेयक संघीय संसद्का दुवै सदनमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुई तिहाइ बहुमतबाट पारित गर्नुपर्नेछ । पारित भएको विधेयक प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष पेस गरिनेछ । संविधान संशोधनका लागि आयोग बनाउने र त्यसले दिने सुझावका आधारमा संविधान संशोधनमार्फत निर्वाचन प्रणाली सुधार गरी राजनीतिक स्थायित्व प्रत्याभूत गर्ने उद्घोषका साथ सहमतिमा सरकार चलाउने कांग्रेस-एमालेले पनि यही प्रक्रिया पूरा गर्नुपर्नेछ ।

कांग्रेस-एमालेबीच बनेको नयाँ राजनीतिक समझदारीसँगै संविधान संशोधनको आवश्यकता र त्यसको प्रक्रियाबारे बहस शुरु भएको छ । निर्वाचन प्रणालीलगायतका विषयमा संविधान संशोधन गरिने दुवै दलको सहमति छ । सत्ता खेलका कारण राजनीतिक स्थिरता निम्तिएपछि पहिलो र दोस्रो ठूलो दलले संविधानका कुन-कुन धारा संशोधन गर्ने प्रस्ट नखुलाए पनि समानुपातिक निर्वाचन प्रणालीलाई हटाएर वा कम गरेर एक वा दुई दल मिलेर बहुमत ल्याउने व्यवस्था गर्न लागेको देखिन्छ । संविधान संशोधनका लागि आयोग बनाउने र त्यसले दिने सुझावका आधारमा संविधान संशोधनमार्फत निर्वाचन प्रणाली सुधार गरी राजनीतिक स्थायित्व प्रत्याभूत गर्ने दाबी कांग्रेस-एमालेको छ ।

संविधान संशोधनका लागि संसद्मा दुई तिहाइ मत आवश्यक पर्छ । नेपालको संविधानमा भएको प्रावधानअनुसार संविधान संशोधन गर्नुपरे प्रतिनिधिसभा र राष्ट्रिय सभामा दुई तिहाइ बहुमत अनिवार्य हुन्छ । यसअनुसार प्रतिनिधिसभाको २७५ बाट कम्तीमा १८४ सांसद संख्या आवश्यक पर्छ । अहिले कांग्रेस र एमालेको सांसद संख्या जोड्दा १६७ मात्र पुग्छ । यसरी हेर्दा यी दुई दलले दुई तिहाइका लागि थप १८ सांसदको साथ जुटाउनुपर्नेछ । राप्रपा (१४), जनमत (६), जनता समाजवादी (५) लगायतका दललाई निम्त्याउने गठबन्धनको तयारी छ । तर, राष्ट्रिय सभाको अंकगणित भने उनीहरूका लागि त्यति अनुकूल देखिँदैन । ५९ सदस्यीय राष्ट्रिय सभामा कम्तीमा ४० मत आवश्यक पर्छ । राष्ट्रिय सभामा माओवादी एक्लैका १७ सांसद छन् भने कांग्रेसका १६ र एमालेका १० सांसद । दुई तिहाइका लागि प्रमुख दुई दललाई थप १४ सांसदको सहयोग चाहिन्छ । राष्ट्रिय सभामा एकीकृत समाजवादीका ८, जसपा नेपालका ३, लोसपाका १, जनमोर्चाका १ र ३ मनोनीत सांसद छन् । कांग्रेस र एमालेलाई राष्ट्रिय सभामा दुई तिहाइ पुर्‍याउन एकीकृत समाजवादी, जसपा नेपाल, लोसपा, जनमोर्चा समाजवादी र जसपासँगै मनोनीतको पनि साथ चाहिन्छ ।

उता, माओवादीले भने कांग्रेस-एमालेबीच संविधान संशोधनका विषयमा भएको समझदारीले प्रतिगमनलाई निम्त्याउने दाबी गरेको छ । आफूलाई मात्र परिवर्तनको बाहक ठान्ने माओवादी केन्द्रले संविधान संशोधन गर्ने भनेको अहिलेको अवस्थाबाट पछि हट्नु हो भन्ने टिप्पणी गरेको छ । कांग्रेस-एमालेभित्र संघीयता, समावेशी, समानुपातिक निर्वाचन प्रणाली खारेज गर्ने प्रतिगमन रहेको, त्यतातिर गएर संविधान संशोधन गर्नु प्रतिगमन हुने, अहिलेसम्मको राजनीतिक उपलब्धि र बलिदानको बेवास्ता हुने र त्यसो गर्ने प्रयास गरिए जनताले प्रतिवाद गर्ने उसको राजनीतिक टिप्पणी छ ।

तर कांग्रेस र एमालेले संविधानका सबल र दुर्बल पक्षको समीक्षा गरी संविधान संशोधनको प्रस्ताव अघि सारेको बताएका छन् । संविधान प्रारम्भ भएपछि जुन अभ्यास भएको छ त्यसका सबल र दुर्बल पक्षको वा जटिलताको समीक्षा गर्ने र आवश्यकताअनुसार संविधान संशोधन गर्ने अडान उनीहरुको छ । नागरिकका अधिकार कुण्ठित पार्ने र समानुपातिक प्रणालीलाई साँघुर्‍याउने निर्णयको पक्षमा कोही पनि देखिएको छैन । संविधानवादमा रहेर संविधान संशोधन गर्दा समयसापेक्ष परिमार्जन गर्न नहुने भन्ने होइन तर जनतालाई अधिकार सम्पन्न गर्न हुने वा संकीर्ण बनाउन भन्ने सबाल महत्वपूर्ण हुन आउँछ ।

राप्रपाले कांग्रेस-एमाले गठबन्धनमा सहभागी हुनेबारे निर्णय नगरे पनि संविधान संशोधनको पक्षमा उभिने संकेत गरेको छ । यस संविधानले काम गरेन, आमूलरूपमा परिवर्तन नगरी हुन्न भन्ने धारणा राप्रपाको छ । तर ऊ संविधान संशोधन गरेर राजतन्त्र ल्याउन चाहन्छ, जो सम्भावनाभन्दा बाहिरको विषय देखिन्छ ।

संविधान संशोधनले समग्र राजनीतिक प्रणालीमै अस्थिरता ल्याउने जोखिम पनि रहेको छ । संविधान संशोधन गर्नु आफैंमा गलत नभए पनि यस कार्यले राजनीतिक प्रणालीमा अस्थिरता ल्याएका उदाहरण विश्वमा यत्रतत्र छन् । संविधान निर्माण गर्दा केही पक्षहरू असन्तुष्ट थिए, उनीहरुले चलखेल गर्ने मौका पाउँछन् । असन्तुष्टि र छुटेका मुद्दालाई समेटेर संविधान बलियो बनाउनुलाई अन्यथा लिनुहुँदैन, तर संविधान संशोधन गर्दा विज्ञको कार्यदल बनाएर सुझावका आधारमा मात्र गर्ने काम भएन भने अझ बढी समस्या थपिनेछ । संविधान संशोधनको असर राजनीतिक प्रणालीमा पर्‍यो भने अस्थिरता निम्तिने जोखिम हुने धारणा संविधानविद्हरुको छ । यस धारणालाई मनन गर्दै लोकतान्त्रिक अभ्यास र प्रगतिशीलतालाई लक्ष्यमा राखेर संशोधनमा जानुपर्छ । प्रत्यक्ष निर्वाचित राष्ट्रपतीय प्रणालीमा जाँदा सो लक्ष्यको संवर्द्धन नै हुने देखिन्छ ।

*(साभार: नेपाल समाचार-पत्र)*

# संविधान संशोधनको कुरा ढाँट-छ्ल हो

✍ प्रा. कृष्ण पोखरेल

नेपाली कांग्रेस र एमालेबिच गठबन्धन बनेर नयाँ सरकार बन्ने तयारीमा छ । माओवादी अध्यक्ष प्रचण्डले विश्वासको मत नपाएसँगै अब एमाले अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा नयाँ सरकार बन्ने छ । कांग्रेस र एमालेबिच असार १७ गते मध्यरातमा भएको भनिएको सहमतिको लिखित दस्तावेज बाहिर आएको छैन । तर, नेताहरूले गरेको कुरालाई र अखबारहरूमा आएका विषयलाई हेर्ने हो भने उनीहरूको मुख्य एजेण्डा भनेको सरकारलाई स्थिरता दिने र संविधानलाई परिमार्जन गर्ने रहेको छ । मेरो विचारमा स्थिरता भनेको चाहिँ माइन्ड सेटको कुरा हो । जब हाम्रा नेतालाई पद नभइ हुँदैन, पदका लागि जे पनि तयार हुन्छन् । अनि त्यो बेला स्थिरता भन्ने कुराको कल्पना नै गर्न सकिँदैन ।

पहिलो पटक प्रधानमन्त्री बन्दा प्रचण्डसँग सत्ता साझेदारी गर्न ओलीले मौखिक सहमति गरेका थिए । तर, सत्तारोहण गरेपछि ओलीले कागज देखाऊ भने । २०७४ सालको निर्वाचनपछि एमाले र माओवादीले सत्ता बाँडफाँट गर्दा कागज नै गरे । जब प्रचण्डले त्यो कागज देखाए, ओलीले कुर्सी नै भाँचिदिन्छु भने । यस्तै कांग्रेस सभापति शेरबहादुर देउवाले निर्वाचन अगाडि प्रचण्डलाई प्रधानमन्त्री दिने भनेर सहमति गरे । निर्वाचन लगत्तै दिन चाहेनन् । त्यसपछि एमालेसँग मिलेर प्रचण्डले सरकार बनाए । त्यस्ता दुई जना पात्र (ओली र देउवा)ले सत्ता साझेदारी गरेका छन् भने यसको भविष्य त्यति राम्रो र लामो होलाजस्तो मलाई लाग्दैन ।

संविधान संशोधनको विषय पनि त्यति सजिलो छैन । यो भनेको त पाण्डोरा बाकसजस्तै हो । त्यो बाकस खोल्नै गाह्रो छ । किनभने हरेक दलको संविधान संशोधन सम्बन्धी आफ्नै एजेण्डा छन् । राप्रपालाई राजतन्त्र र हिन्दु राज्य चाहिएको छ । उसले त्यो पाउने सम्भावना छ ? त्यस्तै मधेस केन्द्रित दलका आफ्नै एजेण्डा छन् । उनीहरूलाई भूगोलको आधारमा भन्दा जनसंख्याको आधारमा माथिल्लो सदनमा प्रतिनिधित्व चाहिएको छ । उनीहरूको मागमा अझै धेरै प्रदेश बनाउने कुरा छ । ती कुरा सम्बोधन गर्न सक्छ अहिलेको गठबन्धनले ? सक्दैन । अनि दिइसकेको समानुपातिक, समावेशीलाई पछाडि फर्काएर प्रत्यक्ष निर्वाचित प्रणालीमात्रै लागु गर्न सकिन्छ ? त्यो समावेशीको मुद्दा उठेर अधिकार पाइसकेको कुरालाई उनीहरू आफैँले विकृत बनाए । समावेशीको अभिप्रायलाई पराजित गरेको उनीहरूकै व्यवहारले नै हो नि ।

नेता पत्नी, नेता बहिनीहरू ल्याएर विकृत आफूले बनाए अनि दोष समावेशीतालाई दिन्छन् । त्यसैले संविधान संशोधनको कुरा त्यति सजिलै अगाडि बढ्ला भन्ने लाग्दैन । उनीहरूले यो किन ल्याए भने सत्ता बाँडचुँड गर्ने कुरालाई बर्को ओढाएर प्रस्तुत गर्नका लागि संविधान संशोधनको मुद्दा ल्याएका मात्रै हुन् । स्थायित्वको कुरा भएन भन्नेमा पनि ०४७ सालपछिका निर्वाचन प्रत्यक्ष निर्वाचित नै थियो नि । ०४८ सालमा बनेको सरकार ५ वर्ष टिक्यो ? ०५१ सालमा कुनै पार्टीको बहुमत आयो ? किन त्रिशङ्कु संसद भयो ? ०५६ सालको निर्वाचनले पनि तीन वर्षमा ३ सरकार र त्यही सरकारका पालामा प्रतिगमन आएको होइन ? यसकारण प्रत्यक्ष निर्वाचनले स्थायित्व दिन्छ भन्ने कुरा होइन ।

शुद्ध संसदीय व्यवस्था अपनाउनु हुन्छ भने त्यसको आधारभूत मान्यता पछ्याउनु पर्छ । त्यसले स्थिरता दिन्छ । यदि त्यस्तो अवस्था थियो भने आजका नेता कुनै पनि देखिने थिएनन् । निर्वाचनमा आफ्नो पार्टी पराजित भएपछि थपक्क राजीनामा दिनु पर्दैन ? संसदीय राजनीतिको आधारभूत मान्यताले राजीनामा दिनुपर्छ भन्छ । उदाहरणका लागि बेलायतका प्रधानमन्त्री ऋषि सुनकले राजीनामा दिए कि दिएनन् ? उनी त ५० वर्षभन्दा मुनिका थिए । राजनीतिमा पनि भर्खरै आएका थिए । अहिले बेलायतको प्रधानमन्त्री बनेका मानिस ५ वर्ष अगाडिमात्रै चिनिएका हुन् । संसदीय राजनीतिमा सत्तामा हुने पार्टीले हारेको खण्डमा त्यस दलका नेताले राजीनामा दिनुपर्छ । संसदीय राजनीतिको आधार भूत मान्यता चाहिँ नपछ्याउने, पदबाट जाने बित्तिकै विभिन्न बहानामा फेरि त्यहीँ आउने अनि कुरा गर्दाचाहिँ प्रत्यक्ष निर्वाचित नभएर अस्थिरता भन्ने ? नेताहरूको चरित्रहीन पदलोलुपताले नै अस्थिरता भएको हो ।

**कांग्रेस र एमाले सहकार्य नै शङ्कास्पद**

मेरो विचारमा यो गठबन्धन बन्नु नै शङ्कास्पद छ । किनभने उनीहरू मिल्नु नै थियो भने ०७९ सालको निर्वाचन परिणाम यही थियो । त्यतिबेला मिलेको भए हुन्थ्यो नि, कसले छेकेको थियो ? स्थायित्व दिने र संविधानको परिमार्जन लगायतका कुरा पनि निर्वाचन लगत्तै मिलेर गरेको भए भइहाल्थ्यो नि । त्यतिखेर चाहिँ उनीहरूले एक अर्कालाई प्रतिस्पर्धी देखे । एकले अर्कोलाई कमजोर बनाउने हिसाबले हेरे । अहिले यो सरकार सुशासनको क्षेत्रमा ब्रेक थ्रु गर्ने ढङ्गले अगाडि बढ्यो । चाहे त्यो नक्कली शरणार्थीको कुरा होस्, चाहे अन्य कब्जा गरेर राखेको राज्यको सम्पत्तिलाई फिर्ता लिने कुरा हुन् । गिरीबन्धु टि-स्टेटका कुरा पनि सार्वजनिक भए । त्यसमा केही सफलता भयो । ठुला पहुँचवाला मान्छे पनि पक्राउ परे । अघिल्लो पटक काँग्रेसले त्यसलाई रोक्न गृहमन्त्री हटाउन खोज्यो, प्रहरी अधिकारीहरूलाई पनि सरुवा गर्नुपर्ने वातावरण बन्यो । त्यसपछि प्रचण्डले एमालेसँग गठबन्धन गरे । फेरि पनि सरकारले केही मान्छेलाई पक्राउ गर्न खोज्यो ।

तर, त्यसरी अगाडि बढ्दा दुई वटै दलका मुखिया नजिक अनुसन्धान पुग्यो । त्यसै कारणले उनीहरू मिलेकोजस्तो लाग्छ । होइन भने अघिल्लो दिनसम्म समाजवादसम्म सँगै जाने, पार्टी मिल्ने, स्वर्ग र नर्क सँगै जाने भनेको त हो नि ? त्यो ढाँटको कुरा गर्नुपर्ने कुनै कारण त थिएन । त्यहाँ अल्मल्याउन खोजिएको हो । अब स्थिर सरकार, संविधान परिमार्जन गर्ने भन्ने कुरा त भागबण्डाको राजनीतिलाई र कतिपय ठुला काण्डहरूको छानबिनबाट बच्नका लागि केही न केही कुरा भन्नु पर्‍यो । त्यही कारण स्थायी सरकार दिने, संविधानलाई परिमार्जन गर्ने भन्ने कुरा देखाउने दाँतको रूपमा अगाडि आएको हो । कांग्रेस-एमाले मिल्ने रसायन पनि यही हो ।

अर्को कुरा, दुवै जना तरबार बेचुवा र घिउ बेचुवाजस्तै हुन् । एक अर्कालाई झुक्याउने खोज्ने दाउपेचले पनि उनीहरूबिचको एकता भएको हो कि जस्तो लाग्छ । संविधान जारी भइसकेपछि सबैभन्दा लामो शासन गर्न केपी ओलीले पाएका हुन् । त्यसबेला उनले के चाहिँ गरे ? गफ गरे । रेलको टिकट पाउँछ, पानी जहाज चढ्ने भन्नेजस्ता हावादारी कुरा गरे । बेसार पानी खाए कोरोना भाग्छसम्म भने । ठोरीमा राम जन्मेका हुन् भनेर अहिले पनि प्रचार गरिरहेका छन् । विकास निर्माणको उनको मोडल झापाको ढुकुरपानीको टावर होइन र ? त्यो दिमागले मुलुकलाई विकासको बाटोमा अघि लिएर जाला ? उनका तिनै आसेपासे वरिपरि राखेर तिनको प्रशंसा सुनेर गदगद हुने नेताले देशको विकास गर्छ ? मलाई गर्छ जस्तो लाग्दैन ।

**माओवादी सरकारको समीक्षा**

माओवादी र माओवादी सरकारका लागि सबैभन्दा राम्रो कुरा के भयो भने प्रधानमन्त्री प्रचण्डमा कुनै खालको भ्रष्टाचारको आरोप नलागिकन बहिर्गमन भयो । नत्र अधिकांश नेता कुनै न कुनै भ्रष्टाचारमा मुछिएका छन् । दाग लागेको छ । केपी ओली कै गिरीबन्धुदेखि अनेक काण्ड छन् । देउवाको त के कुरा गर्नु, श्रीमती र छोराकै संलग्नताका काण्ड छन् । त्यो हिसाबले हेर्दा यो १८ महिनाको प्रचण्डको कार्यकालमा भ्रष्टाचार देखिएन । गठबन्धन अदलबदल भनेको पनि देउवा र ओलीले बाचा पूरा नगरेको कारणले हो । विभिन्न किसिमका काममा भएको बाधा व्यवधानले गर्दा गठबन्धन अदलबदल गर्दा प्रचण्ड अस्थिर जस्ता देखिएका हुन् । तर, त्यो ठुला दलले सिर्जना गरेको परिस्थितिले गर्दा नै हो ।

प्रचण्डमा काहीँ न काहीँ सत्तामा र हनुपर्छ भन्ने धारणा पनि होला । उनको व्यक्तित्व पनि फुर्के खालको स्वभाव देखिन्छ । सानो कुराले पनि दङ्ग पर्ने र आफूलाई लागेको कुरा भनिहाल्ने खालको प्रवृत्ति देखिन्छ । ओलीले गरेको गुलियो कुरामा पनि प्रचण्ड अलमलिए । अर्को चुनावसम्म वाममोर्चा बनाएर पार्टी एकता गर्नेसम्मका कुरा असार १७ गते बिहानसम्म गरे । १८ गते बिहानसम्म पनि प्रचण्डलाई ढाँटेको कुरा बाहिर आएको छ । त्यसमा प्रचण्ड फस्नु चाहिँ राजनीतिक नेतृत्वको कमजोरी हो । त्यस विषयमा प्रचण्डले ओलीलाई चिन्न सकिनँ भनेको पनि सुनियो ।

अर्को कुरा, प्रचण्डले सुशासनको क्षेत्रमा राम्रो ढङ्गले अनुसन्धान गर्ने काममा सरकारलाई लगाए । आफ्नै पार्टीको नेता कृष्णबहादुर महरालाई समाउनका लागि पनि गृहमन्त्रीलाई रोकेनन् । त्यो कुरा स्वयं रवि लामिछानेले सदनमै बोलेका छन् । त्यसैले भ्रष्टाचारको विरुद्धमा र सुशासनको पक्षमा चाहिँ यो कार्यकाल केही निश्चित ब्रेक थ्रु भए । त्यसलाई निष्कर्षमा पुग्न भने दिइएन ।

*(साभार: रातोपाटी)*

# बलिया प्रधानमन्त्री, औसत मन्त्रिपरिषद्

काठमाडौं/एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्रीको रूपमा चौथो पटक सिंहदरबार प्रवेश गरेका छन् । बहुमत, एकल बहुमत र अल्पमतको सरकार चलाइसकेका ओली यो पटक दुई तिहाइ सांसदको साथ पाएका शक्तिशाली प्रधानमन्त्रीका रूपमा सिंहदरबार प्रवेश गरेका हुन् ।

कांग्रेस (८८), एमाले (७९) जनता समाजवादी पार्टी (७) र लोकतान्त्रिक समाजवादी पार्टी (४) सरकारमै सहभागी छन् । जनमत पार्टी (६) मन्त्रिपरिषद्रुमा सहभागी छैन, तर उसले ओली सरकारलाई समर्थन गर्ने निर्णय गरेको छ । प्रतिनिधिसभाको अंकगणितमा प्रधानमन्त्री ओली जति शक्तिशाली देखिएका छन्, उनको मन्त्रिपरिणद् भने त्यति शक्तिशाली देखिएको छैन । प्रधानमन्त्री ओलीले सोमबार चार दलबाट २१ मन्त्री नियुक्त गरेका छन् । अनुभवी र नयाँ अनुहारको सम्मिश्रण रहेको २२ सदस्यीय मन्त्रिपरिषद् समावेशी हुनसकेको छैन ।

सत्तारुढ कांग्रेसबाट १०, एमालेबाट ८, जसपाबाट २ र लोसपाबाट एक मन्त्री बनेका छन् । मन्त्रालयमा मात्र होइन, मन्त्री छनोटमा पनि ओलीले गठबन्धन दलहरुलाई स्वतन्त्र छाडेका छन् । गठबन्धन सरकार भएकाले मन्त्री छनोटको अधिकार सम्बन्धित दलकै हो, तर सरकारको सफलता-असअफताको जस-अपजस आफूले बोक्नुपर्ने भएकाले सत्ता साझेदारले पठाउने मन्त्रीमा प्रधानमन्त्रीको पनि स्वाभाविक चासो रहन्छ ।

'प्रधानमन्त्री ओलीले यो पटक त्यसमा कुनै चासो राख्नुभएको देखिएन' गठबन्धनका एक नेता भन्छन्, 'उहाँले सामान्य मात्र चासो राख्नुभएको भए दीपक खड्का उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्री बन्नु हुने थिएन ।' व्यवसायी समेत रहेका कांग्रेस सांसद खड्काको जलविद्युत आयोजनाहरुमा लगानी मात्र छैन, बाढीले त्यसमा क्षति पुगेको भनेर सरकारसँग क्षतिपूर्ति मागिरहेका छन् । उनी चिनियाँ लगानीकर्तासँगको साझेदारीमा निर्माणाधीन १२० मेगावाटको रसुवा-भोटेकोशी जलविद्युत् परियोजनाको प्रवर्द्धक हुन् ।

मेन्छेयाम जलविद्युत कम्पनीले प्रवर्द्धन गरेको माथिल्लो पिलुवा खोला जलविद्युत आयोजनाका लगानीकर्ता पनि हुन् । ओलीले सामान्य चासो मात्र राखेको भए खड्का मन्त्री त बन्नसक्थे, तर स्वार्थ बाझिने मन्त्रालयको नेतृत्वमा पुग्ने थिएनन् । अनुभवी राजनीतिज्ञ लेखक ओली सरकारमा काम गर्नसक्ने थोरै मन्त्री मध्येमा पर्छन् । तर उनलाई गृहमन्त्री बनाउने निर्णयलाई समेत कतिपयले गलत मानेका छन् । किनकि गृह मन्त्रालय मातहतको प्रहरीले भुटानी शरणार्थी, टीकापुर जग्गा हिनामिना लगायतको अनुसन्धान गरिरहेको छ, जसमा कांग्रेसकै कतिपय नेताको संलग्नता हुनसक्ने अनुसन्धान अधिकृतहरु बताउँछन् ।

पूर्वप्रमुख निर्वाचन आयुक्त भोजराज पोखरेलका अनुसार नयाँ सरकार गठनका क्रममा ठूला दलहरुले भ्रष्टाचारबाट मुक्ति पाउन गठबन्धन बनाएको आरोप लागेकाले आज नै एक्सन मार्फत त्यो आरोप ठीक होइन भन्ने सन्देश दिनसक्नु पर्थ्यो । साथै हिजो लामो समय शासन सत्तामा रहँदा भएको कमि-कमजोरीको आत्मसमीक्षा गर्दै आगामी दिनमा ख्याल गर्ने प्रतिबद्धता आउनुपर्ने थियो ।

तर त्यस्तो महसुस गर्न नपाएको भन्दै पोखरेलले भने, 'कतिपय घटनामा जोडिएका व्यक्ति पनि मन्त्रिपरिषदमा देखिएको छ । आरोप लाग्नु नै अपराध गर्नु होइन, तर त्यस्तो पात्र लैजाँदा जनतामा विश्वास आर्जन गर्न सकिन्न भन्ने ख्याल गर्नुपर्ने थियो ।'

**नयाँ र अनुभवीको सम्मिश्रण**

दुई उपप्रधानसहित १४ मन्त्री अनुभवी हुन् । श्रम तथा रोजगारमन्त्री शरतसिंह भण्डारीसँग सबैभन्दा धेरै पटक मन्त्रीको अनुभव छ । आठ जना पहिलो पटक मन्त्री भएका हुन् । पछिल्लो चार दशकदेखि नेपाली राजनीतिमा सक्रिय रहेका कांग्रेस नेता प्रकाशमान सिंह छैटौं पटक मन्त्री भएका हुन् । जनसंख्या तथा वातावरण, स्थानीय विकास, आपूर्ति, भौतिक योजना तथा विकास मन्त्रालय सम्हालिसकेका उनी २०७० सालमा उपप्रधानमन्त्री भएका थिए ।

अर्थमन्त्री विष्णु पौडेलले आठौं पटक मन्त्रीका रूपमा सिंहदरबार प्रवेश गरेका हुन् । अर्थ मन्त्रालय भने उनको पाचौं पटक हो । पहिलो पटक २०७२ कात्तिक र दोस्रो पटक २०७७ असोजमा अर्थमन्त्री बनेको पौडेलले तेस्रो पटक २०७८ जेठमा, चौथो पकट २०७९ पुसमा अर्थ मन्त्रालयको नेतृत्व गरेका थिए । त्यसअगाडि २०५३ सालमा युवा खेलकुद तथा संस्कृति, २०६५ सालमा जलस्रोत र २०६७सालमा रक्षामन्त्री भएका थिए ।

गृहमन्त्री रमेश लेखक तेस्रो पटक मन्त्री भएका हुन् । २०६३ सालमा प्रतिनिधि सभा पुनर्स्थापना भएपछि कांग्रेसका तत्कालीन सभापति गिरिजाप्रसाद कोइराला नेतृत्वमा गठित अन्तरिम सरकारमा सुरुमा श्रमराज्य थिए । त्यही सरकारमा लेखकले पछि श्रममन्त्री भएर काम गर्ने अवसर पाएका थिए । २०७० मा लेखक भौतिक पूर्वाधार तथा योजना मन्त्री भए । यो पटक एमालेसँग गठबन्धन बनाउन भूमिका खेलेका उनले रोजेको गृह मन्त्रालय पाएका हुन् ।

सञ्चार तथा सूचनाप्रविधि मन्त्री पृथ्वीसुब्बा गुरुङ दोस्रो पटक संघीय मन्त्री भएका नेता हुन् । गुरुङ पनि २०६२/०६३ सालको जनआन्दोलन पछिको गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारमा संस्कृति, पर्यटन तथा नागरिक उड्यन मन्त्री थिए । २०७४ सालमा प्रदेश सभाको पहिलो अभ्यासमा गुरुङ गण्डकी प्रदेशको मुख्यमन्त्री बनेका थिए । उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारी र खानेपानी मन्त्री प्रदीप यादव तेस्रो पटक मन्त्री भएका हुन् । एमाले सांसद भण्डारी प्रचण्ड सरकारमा दुई पटक (२०७७ पुस-फागुन र २०८० फागुन-२०८१ असारसम्म) उद्योगमन्त्री थिए । *(स्रोत: अनलाइनखबर)*

## हेटौंडा उपमहानगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

## राजश्व संकलन सेवा बन्द रहने सम्बन्धी सार्वजनिक सूचना

यस हेटौंडा उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय अन्तर्गत राजश्व व्यवस्थापन शाखा तथा सम्पूर्ण वडा कार्यालयहरूबाट राजश्व संकलन सम्बन्धी सेवा आर्थिक वर्ष प्रारम्भमा कर दर तथा सफ्टवेयर सिस्टमको अद्यावधिक गर्ने कार्यको लागि मिति २०८१/०४/०१ देखि २०८१/०४/०४ गतेसम्म सेवा बन्द गर्नु पर्ने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ । यसबाट सेवाग्राहीमा पर्न गएको असुविधाप्रति उपमहानगरपालिका क्षमा प्रार्थी छ ।

**सुर्य प्रसाद गौतम**
**प्रमुख प्रशासकीय अधिकृत**

*"हाम्रो आधुनिक राम्रो आधुनिक, राम्रो आधुनिक हाम्रो आधुनिक"*
*"गुणस्तरीय शिक्षा, हाम्रो प्रतिबद्धता"*

## श्री आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय
हेटौंडा-४, मकवानपुर

## भर्ना खुल्यो ! भर्ना खुल्यो ! भर्ना खुल्यो !

शैक्षिक सत्र २०८१/०८२ को लागि कक्षा ११ मा
(+2 science) मा नयाँ भर्ना खुल्यो

हामीलाई विश्वास गर्नुहोस्, तपाईंको सक्षमताको ढोका हामी खोल्छौं ।

**अध्यापन हुने विषयहरू**

**विज्ञान संकायतर्फ**
क. भौतिक विज्ञान (Physics)
ख. रसायन विज्ञान (Chemistry)
ग. जिव विज्ञान (Biology)
घ. कम्प्युटर विज्ञान (Computer)

**शिक्षाशास्त्र तर्फ**
क. अंग्रेजी (English)
ख. नेपाली (Nepali)
ग. गणित (Math)

**व्यवस्थापन तर्फ**
क. विजनेस स्टडिज (Business studies)
ख. अर्थशास्त्र (Economics)
ग. गणित (Basic Math)

**प्राविधिक तर्फ**
क. कम्प्युटर सफ्टवेयर

**हाम्रो विशेषताहरू:**
- ब्रिटिस काउन्सिलद्वारा अन्तर्राष्ट्रिय मान्यता प्राप्त ISA 2020/2023 द्वारा सम्मानित मकवानपुरको पहिलो र एक मात्र विद्यालय
- पूर्ण मल्टिमिडियाको प्रयोग
- व्यवस्थित तथा उत्कृष्ट विज्ञान प्रयोगशालाको व्यवस्था
- विद्यार्थीको व्यक्तिगत पहिचान सहित तयारी
- कमजोरी विद्यार्थीलाई अतिरिक्त कक्षाको प्रबन्ध
- न्युनतम लागतमा अधिकत्तम सन्तुष्टि
- समाय समयमा अतिरिक्त क्रियाक्लाप संचालन हुने
- विभिन्न अन्तर्राष्ट्रिय प्रोजेक्ट माध्यमद्वारा (भारत, जापान, मलेसिया, बेलायत, इजिप्ट पेलिष्टाइनका विभिन्न विद्यालयहरुसँग) शिक्षण सिकाई क्रियाकलाप गरिरहेको
- गरिब तथा जेहनदार विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था

**मो सगिम (समिन खान)**
अध्यक्ष
९८११८८२२८६

**श्री रामसागर गुरागाई**
प्रधानाध्यापक
९८५५०६०९३३

श्री राजाराम पोखरेल
९८४५४६३१८८

श्री संतिश आचार्य
९८४५०३०७८७

**श्री आधुनिक राष्ट्रिय मा.वि.**
**०५७-५२०७६६**

# 'नम्बरी सुन' हेर्ने १२ जनाले सुन उपहार पाउने

काठमाडौं/फिल्मप्रति दर्शकलाई आकर्षित गर्न नेपाली निर्माताहरुले विभिन्न उपहार योजना ल्याइरहेका हुन्छन् । आगामी साउन २५ गतेदेखि प्रदर्शनमा आउन लागेको फिल्म 'नम्बरी सुन'ले भने दर्शकलाई सुन उपहार दिने भएको छ । सोमबार ललितपुरस्थित झम्सिखेलमा आयोजित पत्रकार सम्मेलनमा फिल्मका प्रस्तुतकर्ता नारायण खातीले फिल्म हेर्ने दर्शकमध्ये १२ जनालाई सुन उपहार दिने बताए ।

'खल्ती एप'बाट फिल्मको टिकट काट्ने ५ जना र त्यसभन्दा बाहिरका ७ जनालाई सुनको मोतीवाला 'चन्द्रहार' प्रदान गरिनेछ । त्यो उपहार 'लक्की ड्र' मार्फत् सार्वजनिक गरिने प्रस्तुतकर्ता खातीले जानकारी दिए । उनी पेशाले सुन व्यवसायी समेत हुन् ।

# मंसिर ७ मा 'तेल भिसा', पोस्टरमा वृद्ध र जवान विपिन

काठमाडौं/कुनै बेला 'विष', 'विरताको चीनो', 'ब्रेकफेल' र 'तुलसी' गरी चार फिल्म बनाएका शंकर घिमिरेले १२ वर्षपछि निर्देशनमा पुनरागमन गरेको फिल्म 'तेल भिसा'को प्रदर्शन मिति हेर फेर भएको छ । यसअघि भदौ २९ गते आउने निश्चित भएको यो फिल्म अब आगामी मंसिर ७ गतेदेखि प्रदर्शन हुनेछ । आइतबार 'क्यारेक्टर पोस्टर' सार्वजनिक गर्दै फिल्मको नयाँ प्रदर्शन मिति घोषणा गरिएको हो ।

पोस्टरमा अभिनेता विपिन कार्की दोहोरो भूमिकामा छन् । वृद्ध र जवान गरी दुई लुक्समा देखिएका उनी बाबु र छोराको भूमिकामा हुनसक्ने अनुमान गर्न सकिन्छ । उनीसँगै अभिनेत्री वर्षा राउत गम्भीर भावमा प्रस्तुत छिन् । पोस्टरको तल्लो भागमा भने अभिनेत्री पूजा चन्द अमेरिकी प्रहरीको साथमा हतकडीसहित देखिएकी छन् । र, उनको साथमा अभिनेत्री ऋचा घिमिरे पनि देखिएकी छन् ।

फिल्मको ७० प्रतिशत छायांकन गत बैशाख र जेठमा अमेरिकामा भइसकेका छ । अब बाँकी प्रतिशत छायांकन सोमबारदेखि पूर्वी चितवनमा सुरु गरिएको छ । बुद्धि तामाङको पनि विशेष भूमिका रहेको फिल्मको एक गीतमा अभिनेता सुशील क्षेत्रीले नृत्य गरेका छन् । तेल भिसामा आफ्ना आमा-बुबालाई अमेरिका बोलाउने सन्तानको कथा यो फिल्मले उठाएको हुनसक्ने शीर्षकले बुझाउँछ ।

## बागमती प्रदेश सरकार
### स्वास्थ्य मन्त्रालय
### स्वास्थ्य निर्देशनालय
## हेटौंडा अस्पताल
हेटौंडा, नेपाल

## करार सेवामा लिने सम्बन्धी सूचना !

***प्रकाशित मिति २०८१/०४/०१ गते***

बागमती प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय, स्वास्थ्य निर्देशनालय, हेटौंडा अस्पतालका लागि तोकिएको स्वीकृत दरबन्दीमा **"चिकित्सक तथा स्वास्थ्यकर्मी सेवा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७८''** बमोजिम करारमा पदपूर्ति हुने गरि तपशिल बमोजिमका पदहरुमा पन्ध (१५) दिने सूचना आव्हान गरिएको छ ।

**तपसिल**

| क्र.स. | विज्ञापन नं. | पद | तह | सेवा | समुह/उपसमुह | संख्या | शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|
| १. | २०८१/०८२-०१ | क. गाइनोकोलोजिष्ट | ९ | स्वास्थ्य | अब्सगाइनो | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट गाईनोकोलोजि विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरी सम्बन्धित परिषद्मा दर्ता भएको । |
| २. | २०८१/०८२-०२ | कन्सल्टेण्ट पेडियाट्रिसियन | ९ | स्वास्थ्य | पेडियाट्रिक्स | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट पेडियाट्रिक्स विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरी सम्बन्धित परिषद्मा दर्ता भएको । |
| ३. | २०८१/०८२-०३ | क. जनरल फिजिसियन | ९ | स्वास्थ्य | मेडिसिन | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट इन्टरनल मेडिसिन विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरी सम्बन्धित परिषद्मा दर्ता भएको । |
| ४. | २०८१/०८२-०४ | कन्सल्टेण्ट एनेस्थोसियोलोजिष्ट | ९ | स्वास्थ्य | एनेस्थेसियोलोजि | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट एनेस्थोसियोलोजि विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरी सम्बन्धित परिषद्मा दर्ता भएको । |
| ५. | २०८१/०८२-०५ | कन्सल्टेण्ट साइक्याट्रिस्ट | ९ | स्वास्थ्य | मेडिसिन/साइक्याट्रि | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट साइक्याट्रि विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरी सम्बन्धित परिषद्मा दर्ता भएको |
| ६. | २०८१/०८२-०६ | कन्सल्टेण्ट रेडियोलोजिष्ट | ९ | स्वास्थ्य | रेडियोलोजी | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियोलोजि विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरी सम्बन्धित परिषद्मा दर्ता भएको |
| ७. | २०८१/०८२-०७ | क. न्युरोलोजिष्ट | ९ | स्वास्थ्य | मेडिसिन/न्यूरोलोजि | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट न्यूरोलोजि विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरी सम्बन्धित परिषद्मा दर्ता भएको |
| ८. | २०८१/०८२-०८ | क. कार्डियोलोजिष्ट | ९ | स्वास्थ्य | मेडिसिन/कार्डियोलोजि | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कार्डियोलोजि विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरी सम्बन्धित परिषद्मा दर्ता भएको |
| ९. | २०८१/०८२-०९ | क. चेष्ट फिजिसियन | ९ | स्वास्थ्य | मेडिसिन/चेस्टफिजिसिष्ट | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट पल्मोनोलिजि विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरी सम्बन्धित परिषद्मा दर्ता भएको |
| १०. | २०८१/०८२-१० | क. ई.एन.टि. सर्जन | ९ | स्वास्थ्य | सर्जरी/ई.एन.टि. | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट ई.एन.टि. विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरी सम्बन्धित परिषद्मा दर्ता भएको |
| ११. | २०८१/०८२-११ | मेडिकल अधिकृत | ८ | स्वास्थ्य | ज.हे.स | २३ | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बि.बि.एस. वा सो सरह उपाधि प्राप्त गरी सम्बन्धित परिषद्मा दर्ता भएको |
| १२. | २०८१/०८२-१२ | होमियोप्याथिक चिकित्सक | ८ | स्वास्थ्य | होमियोप्याथि | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट हेमियोप्याथि विषयमा स्नातक उपाधि प्राप्त गरेको र सम्बन्धित परिषद्मा दर्ता भएको । |
| १३. | २०८१/०८२-१३ | नर्सिङ्ग अधिकृत | ७ | स्वास्थ्य | ज. नर्सिङ्ग | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट जनरल नर्सिङ्ग विषयमा स्नातक तह उत्तीर्ण गरेको र सम्बन्धित परिषद्मा दर्ता भएको । |
| १४. | २०८१/०८२-१४ | फिजियोथेरापिष्ट | ७ | स्वास्थ्य | फिजियोथेरापी | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट फिजियोथेरापि विषयमा स्नातक तह उत्तीर्ण गरेको र सम्बन्धित परिषद्मा दर्ता भएको । |
| १५. | २०८१/०८२-१५ | रेडियोग्राफी टेक्नोलोजिष्ट | ७ | स्वास्थ्य | रेडियोग्राफी | ५ | मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियोग्राफी विषयमा स्नातक तह उत्तीर्ण गरेको र सम्बन्धित परिषद्मा दर्ता भएको । |
| १६. | २०८१/०८२-१६ | माइक्रोबायोलोजिष्ट | ७ | स्वास्थ्य | मे.ल्या.टे. | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट माइक्रोबायोलोजि विषयमा स्नातक तह उत्तीर्ण गरेको । |
| १७. | २०८१/०८२-१७ | फार्मेसी सहायक | ५ | स्वास्थ्य | फार्मेसी | ८ | मान्यता प्राप्त शिक्षण संस्थाबाट फार्मेसी विषयमाप्रमाणपत्र तह उत्तीर्ण गरेको र सम्बन्धित परिषद्मा दर्ता भएको । |
| १८. | २०८१/०८२-१८ | ल्याब टेक्निसियन | ५ | स्वास्थ्य | मे.ल्या.टे. | ९ | मान्यता प्राप्त शिक्षण संस्थाबाट हेल्थ ल्यावमा प्रमाणपत्र तह उत्तीर्ण गरेको र सम्बन्धित परिषद्मा दर्ता भएको । |
| १९. | २०८१/०८२-१९ | मेडिकलरेकर्डर सुपरभाइजर | ५ | स्वास्थ्य | मे.रे. | २ | मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्यांकशास्त्र वा गणित लिई स्नातक तह उत्तीर्ण गरेको । |
| २०. | २०८१/०८२-२० | रेडियोग्राफर | ५ | स्वास्थ्य | रेडियोग्राफी | ६ | मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियोग्राफीमा प्रमाणपत्र तह उत्तीर्ण गरेको र सम्बन्धित परिषद्मा दर्ता भएको । |
| २१. | २०८१/०८२-२१ | स्टाफनर्स | ५ | स्वास्थ्य | ज. नर्सिङ्ग | ६० | मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ्ग विषयमा प्रमाण पत्र तह उत्तीर्ण गरेको र सम्बन्धित परिषद्मा दर्ता भएको । |
| २२. | २०८१/०८२-२२ | हे.अ. | ५ | स्वास्थ्य | हे.ई. | ११ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सामान्य चिकित्सा विषयमा प्रमाण पत्र तह उत्तीर्ण गरेको र सम्बन्धित परिषद्मा दर्ता भएको । |
| २३. | २०८१/०८२-२३ | एनेस्थेटिक सहायक | ५ | स्वास्थ्य | विविध | ३ | मान्यता प्राप्त शिक्षण संस्थाबाट हे.अ., स्टाफ नर्स उतीर्ण गरी कम्तिमा ६ महिनाको एनेस्थेसिया सम्बन्धी तालिम प्राप्त भएको । |
| २४. | २०८१/०८२-२४ | डेन्टल हाइजिनिष्ट | ४ | स्वास्थ्य | डेण्टिष्ट्री | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट डेण्टल हाइजिनिष्टमा प्रमाण पत्र तह उत्तीर्ण गरेको र सम्बन्धित परिषद्मा दर्ता भएको । |
| २५. | २०८१/०८२-२५ | डार्करुम सहायक/रेडियोग्राफर | ४ | स्वास्थ्य | रेडियोग्राफी | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. उत्तीर्ण गरी डार्करुम सहायक/रेडिग्राफरको ६ महिनाको कोर्ष उत्तीर्ण गरेको र सम्बन्धित परिषद्मा दर्ता भएको । |
| | | **जम्मा संख्या** | | | | १४३ | |

**सम्पर्क मिति :-** २०८१/०४/१६ गते बुधबारका दिन ।
**परीक्षाको किसिम :-** अन्तरवार्ता
**दरखास्त दस्तुर :-** नवौं तहको लागि रु.२०००/-, आठौ तहको र सातौं तहको लागि रु.१२००/-, पाचौं तहको ७००/- र चौथों तहको ५००/-राष्ट्रिय बाणिज्य बैंकमा रहेको राजश्व खाता नं. **१०००२०००१००००** कार्यालय कोड **३७००१३२१५३** र राजश्व नं. **१४२२४** माजम्मा गरि सक्कल भौचर पेश गर्नु पर्नेछ ।
**सेवा अवधि :-** चालु आ.व. ०८१/०८२ को लागि । (नोट: प्रदेश लोक सेवा आयोगबाट स्थायी कर्मचारी सिफारिस भई पदपूर्ति भएमा वा सरुवा भई हाजिरी हुन आएमा करार सम्झौता स्वत: अन्त्य हुनेछ । नतिजाको योग्यता क्रमको आधारमा तल्लो क्रमबाट हटाइनेछ ।)
**उम्मेदवारको उमेरको हद :-** सहायक तहको हकमा १८ वर्ष पुरा भई पैतालिस वर्ष ननाघेको । अधिकृत तहको हकमा २१ वर्ष पुरा भई पैतालिस वर्ष ननाघेको ।
**दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु :-**

- नेपाली नागरिकता
- शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपिहरु
- सम्बन्धीत विषयको सम्बन्धित परिषद्मा दर्ता र नवीकरण गरेको प्रमाणपत्रको प्रतिलिपि
- तालिमको हकमा आफ्नो विषय सम्बन्धी ऋछ दिन भन्दा बढीको तालिम पत्र
- अनुभव सम्बन्धी कागजातहरु ।

**दरखास्त तथा बैंक भौचर बुझाउने स्थान :-** हेटौंडा अस्पताल, प्रशासन शाखा ।
**दरखास्त दिने अन्तिम मिति :-** २०८१ साउन १५ गते सम्म कार्यालय समय भित्र, सो दिन सार्वजनिक बिदा पर्न गएमा कार्यालय खुलेको दिन कार्यालय समय भित्र ।
**पदमा रहि गर्नुपर्ने कामको विवरण :-** सेवा समुह सम्बन्धी तथा अस्पतालको नियमानुसार ।
**तलब सुबिधा :-** नेपाल सरकारको प्रचलित नियमानुसार ।
**पाठ्यक्रम:-** लोक सेवा आयोगले सम्बन्धित पदको लागि तयार गरेको पाठ्यक्रम बमोजिम ।
**द्रस्टव्य:-**

- नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ मा तोकिए बमोजिमको शौक्षिक योग्यता हासिल गरेको।
- अदालतबाट कसुरदार नठहरिएको र प्रचलित कानूनद्वारा अयोग्य नभएको ।
- विदेशी शैक्षिक संस्थाबाट प्राप्त शैक्षिक उपाधिको हकमा समकक्षता निर्धारण भएको प्रमाणपत्रको प्रतिलिपि ।
- फारम Hetauda Hospital को Website:www.hetaudahospital.gov.np मार्फतडाउन्लोड गरि फारम भर्न सकिन्छ ।
- विस्तृत जानकारी हेटौंडा अस्पताल, प्रशासन शाखा वा सम्पर्क ०५७-५२३९७८ र ०५७-५२०४०९ मा राख्नुहोला ।
- सुचना अधिकारीको सम्पर्क : ९८६१५०४४८८ (राजिव कुमार झा)

**हेटौडा अस्पताल**

# हेटौंडा अस्पतालका १३० कर्मचारी कटौती, सेवा प्रभावित नगर्न माग

साझाकुरा संवाददाता

हेटौंडा, ३१ असार/ बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्मकट्टेल र स्वास्थ्य मन्त्रालयका सचिव बद्रीबहादुर खड्काले हेटौंडा अस्पतालका १३० कर्मचारी कटौती गरेका छन् ।

प्रदेश सरकारले नागरिकको स्वास्थ्यसेवा पाउने अधिकारलाई बञ्चित गर्दै कर्मचारी कटौती गर्दा हेटौंडा अस्पतालमा आकस्मिक, ओपीडी, ल्यावलगायतका क्षेत्रमा सेवा प्रभावित हुने भएको छ । अहिले पनि पर्याप्त जनसक्ति अभावमा सीमित जनसक्तिले सेवा दिइरहेको छ । यस्तो बेलामा कर्मचारी कटौती गर्दा थप समस्या हुने भएको छ । स्वास्थ्य मन्त्रालयले अस्पतालमा गत २०८० असोजमा नियुक्ति लिएर काम गर्दै आएका उनीहरुको करार अवधि नवीकरण नगर्ने निर्णय गरेसँगै उनीहरु स्वत: कटौतीमा परेका हुन् ।

मन्त्रालयले हेटौंडा अस्पतालका लागि चालु आर्थिक वर्षमा नियुक्त गरिएको १३० जना प्रशासनिक र प्राविधिक जनशक्तिको करार अवधि थप नगर्ने निर्णय गरेको हो । मन्त्रालयको जिम्मेवारी मुख्यमन्त्री शालिकराम जम्कट्टेलले सम्हाल्दै आएका बखत असार २७ मा निर्णय गर्दै मन्त्रालय र मातहत कार्यालयमा चालू आर्थिक वर्ष २०८०/८१ को स्वीकृत दरबन्दीमा कार्यरत कर्मचारीको असार मसान्तपश्चात् करार अवधि थप नगर्ने भएको हो ।

कर्मचारी कटौतीले निकै समस्या हुने प्रतिष्ठानका रजिष्टार तथा हेटौंडा अस्पताल व्यवस्थापन समिति अध्यक्ष राजेश प्रसाईले बताए । कर्मचारी कटौती हुँदा साउन १ गतेबाट अस्पतालको सबै तहको सेवाप्रवाह प्रभावित हुने उनको भनाई छ । १३० जना कर्मचारीमध्ये ८० प्रतिशत कर्मचारी प्राविधिक रहेको उनले बताए । अस्पतालको सेवा विस्तार पछि गुणस्तर वृद्धिका लागि ति कर्मचारी खटाइएको उनले बताए ।

**सेवाप्रभावित नगर्न माग**

मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानद्वारा संचालित हेटौंडा अस्पतालमा कार्यरत प्राविधिक तथा अन्य कर्मचारीलाई विनाकारण कामचलाउ प्रदेश सरकारले हटाउन लागेकोमा एमाले मकवानपुरले ध्यानाकर्षण भएको जनाएको छ ।

एमाले मकवानपुरका अध्यक्ष श्रीधर पोखेलले आज विज्ञप्ती जारी गर्दै स्वास्थ्य जस्तो संवेदनशील क्षेत्रमा खेलवाड नगर्नका लागि आग्रह गरेका छन् । प्रदेशका मुख्यमन्त्री र स्वास्थ्य सचिवको गैह्रजिम्मेवारीपूर्ण निर्णयका कारण १४५ जना कर्मचारीको अवकाश गर्ने कार्यले हेटौंडा अस्पतालबाट आमनागरीकले पाउने स्वास्थ्यसुविधाबाट वञ्चित गर्ने तथा मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई तहसनहस पार्ने मनसाय प्रष्ट देखिएको एमालेद्वारा जारी विज्ञप्तीमा उल्लेख छ । यो कार्य तत्काल रोकी हेटौंडा अस्पतालको सेवासुविधा सुचारु गर्न नेकपा एमाले जोडदार माग गर्दै सम्बन्धित निकायको ध्यानाकर्षण गराएको छ ।

हाल वर्षाको समयमा आपतकालीन उद्दार र राहत पुऱ्याउन बढी भन्दा बढी प्राविधिक तथा अन्य जनशक्तिको आवस्यकता पर्ने हुँदा यस्तो समयमा राजनैतिक पूर्वाग्रहपूर्ण ढंगबाट प्राविधिक जनशक्ति सहित ठुलो संख्यामा रोजगारीबाट निकाल्ने र अस्पतालबाट दिईदै आएको सेवालाई प्रभावित पार्ने गरी हचुवाको भरमा कुनै वैकल्पिक व्यवस्था नगरी भएको यस्तो अमानवीय व्यवहारप्रति नेकपा एमालेको गंभिर ध्यानाकर्षण भएको जनाएको छ ।

तत्काल निर्णय सच्याई हाल निष्काशन गरिएका कर्मचारीको बहाली गरी हेटौंडा अस्पतालको विरामीको चापलाई ध्यानमा राखेर सेवा सुविधालाई निरन्तरता दिन समेत माग गरेको छ ।

# थाहानगर पूर्णखोप पालिका सुनिश्चितता घोषित

साझाकुरा संवाददाता

हेटौंडा, ३१ असार/ थाहा नगरपालिकालाई पूर्णखोप सुनिश्चितता पालिका घोषणा गरिएको छ । जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान र जिल्ला जनस्वास्थ्य कार्यालय मकवानपुरका जनस्वास्थ्य प्रशासक कृष्ण मिजारले सोमबार नगर पालिकालाई निश्चित इन्डिकेटर र पूर्णखोप निर्देशिका २०७१ को आधारमा पूर्णखोप सुनिश्चितता नगरपालिका घोषणा गरेका हुन् ।

'पूर्णखोप सुरक्षित भविष्य, स्थानीयश्रोतको उपयोग स्वामित्व र सहभागितामा, पूर्णखोप सुनिश्चितता हाम्रो प्रतिबद्धता' भन्ने नाराकासाथ खोप समन्वय समितिले घोषणा गरेको हो । पहिलोचरणमा पालिकाका सबै वडालाई पूर्णखोप सुनिश्चितता घोषणा गरिएको र हाल सोही तथ्यांक र सूचकका आधारमा पूर्णखोप सुनिश्चितता नगरपालिका घोषणा गरिएको स्वास्थ्य शाखाप्रमुख मेघराज बलामीले बताए । प्रत्येक वडामा वडास्तरीय खोप समन्वय समितिले पालिकालाई बालबालिकाले खोप लगाएको सुनिश्चित गरेपछि पालिकालाई पूर्णखोपयुक्त पालिका सुनिश्चितता घोषणा गरिएको घोषणा कार्यक्रममा जानकारी दिइएको हो ।

स्वास्थ्यशाखाले दिगोपना र पूर्णखोप सुनिश्चितताका लागि हरेक महिना थाहाको २९ वटा खोपकेन्द्रबाट नियमित खोपको सेसन चल्ने गरेको तथा घरभेट सर्वेक्षण गरी उमेरअनुसार खोप पाएरनपाएको यकिन गरेर खोप लगाउन छुटेको पाइएमा प्रक्रियाअनुरुप खोप दिने व्यवस्था गरेको छ । सबै सर्त पूरा गरी नगरपालिकालाई पूर्णखोप सुनिश्चितता पालिका घोषणा गरिएको हो । नगरपालिकामा १६ वर्षदेखि २३ सम्म उमेरका ५५० जनाले पूर्ण मात्रामा लगाएको पालिकाले सर्वेक्षण गरेको तथ्यांक रहेको छ भने ० देखि १५ महिनासम्मका ६४१ जनाले खोप लगाएको तथ्यांक छ ।

सोही तथ्यांकका आधारमा पालिकाका करिब ९५ प्रतिशतले खोप लगाएको पाइएपछि पालिका घोषणाका लागि जिल्ला समन्वय समितिसमक्ष पेस गरिएको र स्वीकृत भई घोषणा गरिएको हो । जिल्ला समन्वय समितिका प्रमुख घलानले आवश्यक तथ्य पेस भएको र सोही तथ्यका आधारमा पूर्णखोप सुनिश्चितता पालिका घोषणा भएको बताए ।

उनले अब जिल्लाको चारवटा पालिका पूर्णखोप सुनिश्चितता हुन बाँकी रहेको भन्दै छिटो घोषणा गरी जिल्ला लाई नै घोषणा गर्नुपर्ने बताए । प्रमुख घलानले अन्तर्राष्ट्रिय मन्चमा गरेको प्रतिबद्धतास्वरुप जनताको स्वास्थ्यका लागि भूमिका खेलिरहेको बताउदै पूर्णखोप सुनिश्चितताको लागि खटिने सम्पूर्ण स्वास्थ्यकर्मी र स्वयंसेवीका धन्यवादका पात्र रहेको बताए ।

खोप लगाउने उमेर समूहका सबै बालबालिकाले खोप लगाएको सुनिश्चित भएपछि पालिकालाई पूर्णखोपयुक्त पालिका सुनिश्चितता घोषणा गरिएको स्वास्थ्य कार्यालय मकवानपुरका प्रमुख कृष्ण मिजारलेले बताए । कार्यक्रममा पालिकालाई पूर्णखोप सुनिश्चितता प्रमाणपत्र समन्वय प्रमुख घलानले थाहा नगर प्रमुख बिष्णु बिष्टलाई हस्तान्तरण गरेका हुन् । नगरप्रमुख बिष्टले खोप सुनिश्चितता घोषण गर्न सहयोग गर्ने स्वास्थ्यकर्मी र कर्मचारीलाई धन्यवाद दिँदै खोपले बालबालिकामा विभिन्न रोगबाट बच्ने प्रतिरोधात्मक क्षमता बढ्ने भएकाले खोपबाट बालबालिकालाई वञ्चित गराउन नहुने बताए ।

पालिकाभित्र ५ वटा स्वास्थ्यसंस्था, प्राथमिक स्वास्थ्यकेन्द्र १ वटा, ३ वटा आधारभूत स्वास्थ्यकेन्द्र र ३ वटा सहरी स्वास्थ्यकेन्द्र रहेका छन् । साबिकका दामन, पालुङ, बज्रवाराही, चिलाङ, टिस्टुङ, र आग्रा गरी छवटा गाविस समेटेर थाहा नगरपालिका बनेको हो । यस पालिकाभित्र हाल १२ वटा वडा छन् । थाहाको वडा न ५ लाई संस्थागत सुत्केरी वडा समेत घोषणा गरी प्रमाणपत्र प्रदान गरिएको थियो । थाहा नगरपालिकाका प्रमुख तथा नगर खोप समन्वय समितिका अध्यक्ष बिष्टको अध्यक्षता तथा जिल्ला समन्वय समिति प्रमुख घलानको प्रमुख आतिथ्यता र जिल्ला जनस्वास्थ्य प्रमुख मिजारको विशिष्ट आतिथ्यतामा सम्पन्न घोषणा समारोहमा वडाअध्यक्षहरु, कार्यपालिका सदस्यहरु, नेपाली कांग्रेस नगरसभापति प्रमोदकृष्ण जोशी, जनकल्याण मा.वि.का प्रधानाध्यापक सानोभाइ कार्कीले शुभकामना दिएका थिए ।

# भाषाशिक्षकसहित ३६ विद्यार्थीलाई रामसाबित्री सम्मान

साझाकुरा संवाददाता

हेटौंडा, ३१ असार/नेपाली भाषाशिक्षक समिति मकवानपुरले एसइई परीक्षा २०८० मा नेपाली विषयमा ४ जिपिए हासिल गर्ने विद्यार्थी र शिक्षकलाई सोमबार हेटौंडामा सम्मान गरेको छ ।

नेपाली भाषाशिक्षक समिति मकवनापुरका सल्लाहकार तथा राम्रो रचना मीठो नेपाली व्याकरण पुस्तकका लेखक ध्रुवकुमार भुजेलले आफ्ना मातापिताको स्मृतिमा स्थापना गरेको रामसावित्री सम्मानबाट मकवानपुरका नेपाली विषयमा उत्कृष्ट जिपिए हासिल गर्ने विद्यार्थी र शिक्षक सम्मानित भएका हुन् । मकवानपुरका सामुदायिक र संस्थागत विद्यालयका गरी ३६ जना विद्यार्थीले यस वर्षको एसइई परीक्षामा नेपाली विषयमा ४ जिपिए ल्याउन सफल भएका थिए ।

सामुदायिकतर्फ प्रगति माध्यमिक विद्यालयबाट २ जना, आधुनिक राष्ट्रिय माविका २ जना, भुटनदेवी माविका १ जना, सिद्धार्थ माविका १ जना, वंशगोपाल माविका १ जना र भानु मावि मकवानपुर गढीका १ जना विद्यार्थी रहेको छन् । यसैगरी संस्थागततर्फ बालजागृति सेकेन्डरी स्कुलबाट १० जना, जिएस निकेतनबाट २ जना, सोलिड्यारिटी इन्टरनेसनलबाट ४ जना, फेमकल एकेडेमीबाट १ जना, ज्ञानोदय बालवाटिकाबाट १ जना, तुलसीमेहर सकुलबाट २ जना हेटौंडा एकेडेमीबाट १ जना, नवोदय शिशुसदनबाट २ जना, सत्यम् जेवियर्सबाट २ जना र ब्रह्मदिक एकेडेमीबाट ३ जनाले ४ जिपिए ल्याउन सफल भएका छन् ।

उनीहरुलाई सम्मानपत्र सहित सम्मान गरिएको नेपाली भाषाशिक्षक समिति मकवानपुरका सचिव ज्योति न्यौपानेले बताए । नेपाली भाषाशिक्षक समितिका अध्यक्ष केशवप्रसाद सञ्जेलको अध्यक्षता तथा शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका प्रमुख दिनानाथ गौतमको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा समितिका सल्लाहकार रमेशमोहन अधिकारी, रामचन्द्र आचार्य 'फुर्सती', माधवप्रसाद खतिवडा, हयग्रीव आचार्य, समाजिक विषय समितिका प्रथम उपाध्यक्ष बालकुमार श्रेष्ठ, गणित विषयशिक्षक समितिका अध्यक्ष धनिकलाल साह लगायतको आतिथ्यता रहेको थियो । कार्यक्रममा सम्मानित विद्यार्थीका तर्फबाट प्रगति माध्यमिक विद्यालयकी छात्रा प्रकृति दाहाल र बालजागृति सेकेन्डरी स्कुलकी रितिका छत्कुलीले मन्तव्य व्यक्त गरेका थिए ।


**हेटौंडा उपमहानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

**सार्वजनिक सूचना !**

यस उपमहानगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेको क्रसर तथा बालुवा प्रशोधन उद्योगहरूको आ.व. २०८०/८१ को कारोबार विवरणसहित अन्तिम मौज्दात प्रमाणित गरी नयाँ आर्थिक वर्ष २०८१/०८२ को कारोबार सुचारू गर्नुपर्ने व्यवस्था रहेकोले मिति २०८१ श्रावण १ गतेदेखि अर्को सूचना नभएसम्मको लागि फर्म, उद्योग तथा कम्पनीबाट नदीजन्य पदार्थको बिक्री वितरण कार्य बन्द गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि निर्देशानुसार यो सूचना जारी गरिएको छ ।

राजश्व व्यवस्थापन शाखा
**हेटौंडा उपमहानगरपालिका**
नगरकार्यपालिकाको कार्यालय



**नि:शूल्क सीप सिकौं आत्मनिर्भर बनौं**

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
**सामाजिक विकास कार्यालय**
हेटौंडा, नेपाल

फोन नं. ०५७-४१२७१६, ०५७-४१२७२४

**सीप विकास तालिम सञ्चालनको लागि दरखास्त आह्वान सम्बन्धी सूचना**

*प्रथम पटक प्रकाशित मिति २०८१/०४/०१ गते)*

बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय अन्तर्गत सामाजिक विकास कार्यालय, हेटौंडा, नेपाल (साविकको व्यावसायिक तथा सीप विकास तालिम केन्द्र) द्वारा यस आ.व. २०८१/०८२ को २०८१ साउन महिना देखि संचालन गरिने देहाय अनुसारका सीप विकास तालिमहरु संचालन हुने भएकोले ईच्छुक आवेदकहरुले आवेदन फारम भरि बुझाउन यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र यस केन्द्रमा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । प्रशिक्षार्थीहरुबाट तालिम बापत कुनै शुल्क लिइने छैन र तालिम संचालनको लागी उपकरण, आवश्यक सामाग्री कार्यालयले बेहोर्ने छ ।

**१. सामाजिक विकास कार्यालय, हेटौडा- ८ कमानेमा संचालन हुने तालिमहरु:**

| सि.नं | तालिमको विषय | तालिमको अवधि | संख्या | न्यूनतम शैक्षिक योग्यता | तालिम संचालन हुने स्थान | अन्तरवार्ता मिति | आवेदन फाराम पाईने स्थान |
|---|---|---|---|---|---|---|---|
| १. | कम्प्युटर सफ्टवेयर | ६ महिने/७३० कार्य घण्टा | २५ | SLC/SEE उतिर्ण | कार्यालयको तालिम भवन कमाने | २०८१/०४/२० गते विहान ११ बजे देखि | सामाजिक विकास कार्यालय, हेटौंडा, नेपालमा पाइने वा यस कार्यालयको वेबसाईट (www.vsdtchetauda.bagamati.gov.np) बाट फर्म डाउनलोड गर्न सकिने छ । |
| २. | जनरल मेकानिक्स | ६ महिने/७३० कार्य घण्टा | १० | ८ कक्षा उतिर्ण | कार्यालयको तालिम भवन कमाने | २०८१/०४/२० गते विहान ११ बजे देखि | |
| ३. | केश श्रृगांर तथा सौन्दर्य वेसिक | ३ महिने/३९० कार्य घण्टा | ३० | ८ कक्षा उतिर्ण | कार्यालयको तालिम भवन कमाने | २०८१/०४/२१ गते विहान ११ बजे देखि | |
| ४. | सिलाई कटाई वेसिक | ३ महिने/३९० कार्य घण्टा | २० | ८ कक्षा उतिर्ण | कार्यालयको तालिम भवन कमाने | २०८१/०४/२१ गते विहान ११ बजे देखि | |
| ५. | प्लम्विङ्ग | ३ महिने/३९० कार्य घण्टा | २५ | ८ कक्षा उतिर्ण | कार्यालयको तालिम भवन कमाने | २०८१/०४/२२ गते विहान ११ बजे देखि | |
| ६. | इलेक्ट्रोनिक्स मर्मत | ३ महिने/३९० कार्य घण्टा | २५ | १० कक्षा उतिर्ण | कार्यालयको तालिम भवन कमाने | २०८१/०४/२२ गते विहान ११ बजे देखि | |

**तालिम लिन ईच्छुक उम्मेदवारहरुले पालना गर्नुपर्ने शर्तहरु:**

१. प्रशिक्षार्थी आवेदन फाराममा हालसालै खिचेको पासपोर्ट साइजको फोटो टांसी नेपाली नागरिकता र शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि राखी २०८१/०४/१५ गते (सो दिन बिदा परेमा भोलिपल्ट) सम्म कार्यालयमा पेश गर्नुपर्नेछ वा यस कार्यालयको ईमेल (vsdtchetauda@bagamati.gov.np) मा पठाउनु पर्नेछ । तालिमको अन्तर्वार्ताका लागी तोकिएको मितिमा सामाजिक विकास कार्यालय, हेटौंडा-८ कमाने, मकवानपुरमा आफ्नो सक्कल कागजात सहित उपस्थित हुनुपर्ने छ ।
२. तालिममा छनौट भएका उम्मेदवारहरुको तालिम संचालन मिति नतिजा प्रकाशनको दिन तोकिने छ ।
३. तालिममा गरिब, विपन्न, दलित, महिला, पिछडिएको वर्ग समुदाय, अपाङ्ग, जनआन्दोलनमा घाईते शहिद परिवार तथा एकल महिलालाई प्राथमिकता दिईनेछ ।
४. तालिम लिन ईच्छुक उम्मेदवारहरु शारिरीक र मानसिक रुपमा स्वास्थ्य र उमेर १६ वर्ष पुगी ४० वर्ष ननाघेको हुनुपर्नेछ । प्रशिक्षार्थीको छनौट अन्तर्वार्ताबाट गरिनेछ । एक समुहमा औसत १५-२५ जना प्रशिक्षार्थीहरुलाई सहभागी गराईनेछ ।
५. सञ्चालन हुने तालिमहरु ३ महिने/३९० कार्य घण्टा र ६ महिने/७३० कार्य घण्टा तालिमको हकमा दैनिक औसत ५ देखी ६ घण्टा तालिम सञ्चालन गरिनेछ ।



"मकवानपुरको शिक्षामा शान, गुणस्तरीय शिक्षा भुटनदेवीको पहिचान"

**श्री भुटनदेवी माध्यमिक विद्यालय**
हेटौंडा-४, मकवानपुर

SEE नतिजा २०८० मा शैक्षिक गुणस्तरमा जिल्लामै प्रथम स्थान हासिल गर्न सफल भुटनदेवी मा.वि.मा साइन्स, कमर्स र CTEVT मा भर्ना खुल्यो ।

**कक्षा ११ मा भर्ना खुल्यो !**

मकवानपुर जिल्लाको उत्कृष्ट शैक्षिक धरोहर एवम् प्रसिद्ध शैक्षणिक केन्द्र भुटनदेवी मा.वि. मा शैक्षिक सत्र २०८९ का लागि कक्षा ११ मा साइन्स, कमर्स, सिभिल इन्जिनियरिङ् र CTEVT अन्तर्गतको ३ बर्षे सिभिल इन्जिनियरिङ विषयमा भर्ना खुलेको सहर्ष जानकारी गराउँछौं ।

**हाम्रा आकर्षणहरू**

- शैक्षिक सत्र २०८० को SEE परीक्षामा सामुदायिक विद्यालयतर्फ जिल्लामै उत्कृष्ट हुन सफल भएको,
- यस विद्यालयमा अध्यापन गर्ने सबै शिक्षकहरूले आफ्ना बाबुनानीहरूलाई आफ्नै विद्यालयमा भर्ना गरी शैक्षिक गुणस्तर अझ माथि उठाउन क्रियाशील भएको अतिरिक्त तथा सहक्रियाकलापसहित सस्तो, सुलभ र गुणस्तरीय शिक्षाको प्रतिबद्धता भएको,
- विद्यार्थीको चाहना बमोजिम कक्षा ११ मा कम्प्युटर साइन्स विषय पनि पढाइ हुने,
- अत्याधुनिक साइन्स ल्याब, कम्प्युटर ल्याब र सुविधा सम्पन्न पुस्तकालय भएको,
- SEE परीक्षामा ३.२१ र सोभन्दा माथि जिपिए ल्याउने विद्यार्थीलाई पूर्ण छात्रवृत्ति, जिपिए २.४१ देखि ३.२ सम्म ल्याउनेलाई भर्ना र मासिक शुल्कमा ५० प्रतिशत छात्रवृत्ति तथा जिपिए १.६ देखि २.४ सम्म ल्याउनेलाई २५ प्रतिशत मासिक शुल्कमा छात्रवृत्तिको व्यवस्था भएको,
- आर्थिक रुपमा अति विपन्न र जेहेनदार विद्यार्थीलाई केही विशेष सुविधा भएको भर्ना फारम धमाधम वितरण भैरहेको छ ।
- साइन्स र कमर्सको कक्षा संचालन श्रावण १३ गतेदेखि हुने
- कक्षा ११ सिभिलको भर्ना फारम भर्ने समय २०८१ असार ३१ गतेसम्म र प्रवेश परीक्षा २०८१ श्रावण २ गते बिहान ११:०० बजे
- CTEVT इन्जिनियरिङ्गको भर्ना फारम भर्ने समय २०८१ श्रावण १३ गतेसम्म र प्रवेश परीक्षा २०८१ श्रावण १९ गते दिउँसो १:०० बजे

**थप जानकारीका लागि :**
**मोबाइल नम्बर : ९८४५४५९८०५, ९८४५२८६८३०, ९८४९७३६१२२**



**भर्ना खुल्यो ! भर्ना खुल्यो ! भर्ना खुल्यो !**

**3 YEARS HA, LAB TECHNOLOGY, PHYSIOTHERAPY, PADIOGRAPHY**

SEE/SLC पास पछिको ३ वर्ष प्रमाण पत्र तहमा CTEVT बाट मान्यता प्राप्त यस शिक्षण संस्थामा शैक्षिक सत्र २०८१/०८२ को लागि निम्न कार्यक्रमहरुमा भर्ना खुल्यो । मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका, (SEE/SLC) परीक्षामा गणित, अंग्रेजी र विज्ञान विषयलाई समग्रमा Grade Point Average (GPA) न्युनतम २ प्राप्त हुनु पर्नेछ ।

**MTI का विशेषताहरु**

- उत्कृष्ट एवम् अनुभवी प्राध्यापकहरुद्वारा अध्यापन गराइने
- उत्कृष्ट पूर्वाधार प्राप्त OJT को व्यवस्था
- स्वच्छ, शान्त, पारिवारिक एवम् मनोरम शैक्षिक वातावरणमा पठनपाठन हुने
- विद्यार्थीहरुलाई प्रोजेक्टरको माध्यमबाट पठनपाठन गराइने
- उत्कृष्ट ल्याबको सुविधा
- उत्कृष्ट नतिजा
- २९ वर्षदेखि निरन्तर चलिरेहेको संस्था

फारम शुल्क रू.१५००/-

**कार्यक्रमहरु**

| | |
|---|---|
| Health Assistant (HA) | 40 सिट |
| PCL Lab Technology | 30 सिट |
| PCL Radiography | 30 सिट |
| PCL Physiotherapy | 40 सिट |

फारम वितरण मिति : २०८१/०३/१६ गते आइतबार देखि
फारम बुझाउने अन्तिम मिति : २०८१/०४/१३ गते आइतबार बेलुका ४:३० सम्म
प्रवेश परीक्षा सञ्चालन हुने मिति : २०८१/०४/१९ गते विहान ८:०० बजे

**मकवानपुर टेक्निकल इन्स्टिच्युट**
हेटौंडा-५, भैरवरोड
सम्पर्क : ०५७-५२१८५२, ९८५५०३१९१०, ९८६०२०२६७१, ९८५५०१२८५२



**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना